जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१४ , अंक- ३७, २०७८ साल बैशाख ६ गते मंगलबार (Apr 19, 2022) www.janaakash.com.np मूल्य रु १०।-

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

दिव्यध्वज कार्की
अध्यक्ष
सुतार कार्की सेवा समिति परिवार
चावहिल, काठमाडौ

# बसन्त ऋतुमा पर्यटकहरूबाट आम्दानी लिन सक्नुपर्छ

**मोहन कार्की**

नेपाल हिमालै हिमालको देश हो । त्यति मात्र होइन नेपाल असंख्यौ पाहाड भएको पनि देश हो । त्यो मात्र काहाँ होर नेपाल प्राकृतिक विविधताले भरिपुर्ण भएको देश हो । जाहाँ हजारौ थरिका



फूल, बनस्पति साना देखि ठुला थुप्रै खोला नदीहरु यहि नेपालमा पाइन्छ । भने हजारौ थरिका जीव, पंछी यहि देश नेपालमा छन् ।

यी सवै कुराहरुले भरिपुर्ण भएको नेपालमा पर्याटनको योजना बनाउन नजान्दा राष्ट्रले प्राप्त गर्नुपर्ने आम्दानी गर्न सकेको छैन । सधैको बर्ष झै यो २०७९ सालको बैशाखको समयमा पनि त्यसैगरी देशभरी विभिन्न प्रकारका फूलहरु देशैभरी फुलेका छन् । पालुवाहरु पलायका छन् । बन पाखामा मृगहरु सिगौरी खेलिरहेका छन् । कालिजहरु बेग हानिरहेका छन् । खोलाहरु सफा बनेर फाल हानिरहेका छन् । झर्नाहरु सफा बनेर छर्रछर्राइरहेका छन् । यतिविग्न प्राकृतिक स्रोत सम्पतिले भरिएको नेपालका नेपालीहरुले यसको फाईदा उठाउन सकेका छैनन् ।

नेपालकै नेपालीहरु दैनिक लाखौ रुपैया खर्च गर्दै विदेशका कतिपय ठाउँमा घुमेरहेका हामीले समाचार पढेका छौ । नेपाल देशको प्राकृतिक सुन्दरता हेर्न विश्वका धनि देशका मानिसहरु नेपाल नआई मरियो भने स्वर्ग जान पाइदैन भन्ने सोच राख्छन् । विगतमा पनि नेपाल देश घुम्न विश्वको धनि देश अमेरिका इरोपका मानिसहरु उदयमान धनी राष्ट्र तथा छिमेकी चीन र भारतका मानिसहरु पनि नेपालकमा अधिक नै आउने गर्दथे । हाल पनि केही मात्रमा आउने गरेका छन् । तर विगतको तुलनामा नेपालको राजनीतिक वातावरण नेपालको नीतिले उनिहरुको लागि आकर्षणमुलक कार्यक्रम नल्याउदा नेपाल आउन चाहाने पर्याटकहरुमा कमी आएको छ ।

नेपालमा २०५२ सालवाट माओवादी जनयुद्धकालमा माओवादीको त्रास त छदैथियो त्यही समयमा नेपालमा २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरवारमा स्वर्गीय श्री ५ बडामहाराजधिराज विरेन्द्र विरबिक्रम शाहको परिवार सहित बंश नै नास हुने गरी भएको काहाली लाग्दो घटना पछि अन्तराष्ट्रियस्रका पर्याटक नेपाल आउनमा विस्तारै कम हुन थालेका थिए । त्यसपछि निरन्तर रुपमा राजनीतिक अस्थिरताको कारण २०६२ सालमा बनेको सात गठबन्धन र पछि थपियको माओवादीसहित आठ गठबन्धनले २०६३ सालमा राजतन्त्रको ठाउमा गणतन्त्र लेखेर साशन स्थापना गरेको भएपनि १०

बाँकी ६ पृष्ठमा

# स्थानीय तह निर्वाचन सम्पन्न गर्न प्रधानसेनापति शर्माद्वारा निर्देशन

काठमाडौं । प्रधानसेनापति प्रभुराम शर्माले स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नको नेपाली सेनाका विभागीय प्रमुखहरुको उपस्थितीमा चारवटै कमान्डका कमाण्ड सेनापतिहरुलाई निर्देशन दिएका छन् ।



शर्माले वैशाख ३० मा हुने 'स्थानीय तह निर्वाचन(२०७९' स्वतन्त्र, निष्पक्ष, विश्वासनीय एवं भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट सेनालाई प्राप्त जिम्मेवारी उचित ढंगले वहन तथा कार्यान्वयन गर्न आइतबार निर्देशन दिएका हुन् । सैनिक मुख्यालयद्धारा जारी विज्ञप्ती अनुसार प्रधानसेनापति शर्माले चार बुँदे निर्देशन चारै कमान्डका कमान्ड सेनापतिलाई जारी गरेका छन् । शर्माले आ(आफ्नो जिम्मेवारी क्षेत्रहरुको सुरक्षा स्थितिको निरन्तर मूल्याङ्कन गर्ने, जिल्ला प्रशासन कार्यालयहरु, प्रदेश एवं स्थानीय सुरक्षा निकायहरु तथा जिल्ला निर्वाचन आयोगका कार्यालयहरुसाग असरदार रुपमा समन्वय गरी कार्य गर्ने, देशैभरि नेपाली सेना उच्च सतर्कताका साथ रहने तथा बम डिष्पोजल टोली आवश्यकता अनुसार तयारी हालतमा राख्ने र नेपाल सरकार तथा निर्वाचन आयोगको कार्यादेश बमोजिम शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गरी आसन्न निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने निर्देशन जारी गरेका हुन् ।

विज्ञप्ती अनुसार प्रधानसेनापति शर्माले 'स्थानीय तह निर्वाचन एकिकृत सुरक्षा योजना २०७८' मा उल्लेखित नेपाली सेना सम्बन्धी बुँदाहरुलाई अक्षरशः पालना गर्न समेत निर्देशन दिए । राष्ट्रपति विद्यादेवी

बाँकी ६ पृष्ठमा

# सत्तारुढ दलबीच तालमेलमा सकस

काठमाडौं । स्थानीय तहको निर्वाचन आउन २४ दिन बाँकी छ।



उम्मेदवारी मनोनयनको ७ दिन मात्र बाँकी छ। तर, सत्ता गठबन्धनबीच महानगरपालिका, उपमहानगर पालिकालगायत विभिन्न पालिकाहरुमा अझै सहमति बन्न सकेको छैन ।

काँग्रेसले ३, माओवादी, जसपा र नेकपा एसले ११ महानगरपालिकामा मेयर पाउने भित्री सहमति बनेको भनिए पनि पोखरामा कुरा मिल्न सकेको छैन । उपमहानगरपालिकाहरुमा पनि कुरा मिल्न सकेको छैन ।

गठबन्धनमा माथिबाट सहमति गरेपनि तलबाट मिल्न कठिन छ। विशेषगरी नेपाली काँग्रेसका कतिपय नेता र कार्यकर्ताहरुले गठबन्धनको विरोध गर्दै आएका छन् । स्थानीय तहमा धेरै आकांक्षी भएकाले काँग्रेसभित्र नै तिव्र प्रतिष्पर्धा छ । गठबन्धन मिलाउन कठिन देखिएपछि माओवादी, नेकपा एस र जसपाले अन्य विकल्पमा पनि छलफल बढाएका छन् । विभिन्न प्रदेशहरुमा उनीहरुको आफ्नै गठबन्धन बन्न थालेको छ । माओवादीभित्र काँग्रेस गठबन्धनका लागि तयार नभए अन्य विकल्पमा

बाँकी ६ पृष्ठमा

# चितवन काँग्रेसले बागमती प्रदेशलाई बुझायो उम्मेदवारका आकांक्षीको नामावली

चितवन । नेपाली काँग्रेस भरतपुर महानगर समितिले महानगरको मेयर र उपमेयरमा आकांक्षिहरुको नामावली बागमती प्रदेशलाई बुझाएको छ। महानगर सभापति चित्रसेन अधिकारी र उपसभापति बुद्धिकान्त न्यौपानेले नामावली बैशाख ४ गते बागमती प्रदेश प्रतिनिधि मोहन बहादुर बस्नेतलाई बुझाइएका छन् । उपसभापति न्यौपानेका अनुसार महानगरको मेयरमा २५ जना र उपमेयरमा २४ जनाको नाम सिफारीस गरिएको उल्लेख छ।


बागमती प्रदेश प्रतिनिधिले नमावली बुझ्दै आएका नामहरुबाट उपयुक्त उम्मेदवार छनोट गरि केन्द्रमा सिफारीस गर्ने मोहन बस्नेतले बताएका छन् । यही बैशाख ३० गते हुने स्थानीय निर्वाचनमा काँग्रेसले आफ्नो बलियो

बाँकी ६ पृष्ठमा

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

रुद्र न्यौपाने
अध्यक्ष
रन सुज प्रा. लि. परिवार
काठमाडौ



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# स्थानीय निर्वाचनको छेवैमा उठेका गठबन्धनको प्रश्न

नेपालमा २०७९ बैशाख ३० गते स्थानीय निर्वाचन हुन गइरहेको छ । उक्त निर्वाचनको बिषयलाई लिएर गाउँ टोल शहर बजारमा जनताहरुले बिभिन्न खालका अड्कल बाजीहरु लगाई रहेका छन् । अर्कोतर्फ राजनीतिक दलहरु चै आफ्नो पार्टीको साख जोगाउन न्वारन देखिको वल लगाई रहेका छन् । त्यतिले नपुग्ने भएर यतिवेला सवै दलहरु मिलेर चुनावमा भाग लिने तयारीमा पुगेका छन् । विशेषत सरकारमा रहेका ५ राजनीतिक पार्टीहरु जस्तै नेपाली काँग्रेस, नेकपा(एकीकृत समाजवादी) नेकपा ( माओवादी केन्द्र) जनता समाजावादी, जनमोर्चा पार्टी रहेका छन् । उनिहरु सरकारमा भएका पार्टी जति स्थानीय निर्वाचनमा गठबन्धन गरेर चुनाव लड्ने तयारी थालेका छन् । बजारमा हल्ला पनि त्यसरी नै आएको छ । कतिपय जिल्लाहरुमा त गठबन्धनको सहमति भइसकेको माइन्युट पनि सार्वजानिक भएका छन् । यिनै माइन्युटहरु गठबन्धन भएको पत्यारिलो आधारहरु हुन् ।

त्यसैगरी अर्को २०७४ सालको निर्वाचनमा जनताले सवैभन्दा धेरै भोट दिएर ठुलो पार्टी बन्न सफल नेकपा(एमाले) समेत यति वेला गठबन्धनको तयारीमालागेको छ । उक्त पार्टीसँग उसैको चुनाव चिन्हमा चुनावाम भाग लिने गरी राप्रपा नेपाल, परिवार दलले सहमतिपत्रमा हस्तक्षर गरेर अगाडी बढिरहेका छन् । माथिका यि घटनाहरु हेर्दा दुई खेमामा निर्वाचन हुन लागेको जस्तो देखिन्छ । एउटा नेपाली काँग्रेसको रुख चिन्हमा अर्को नेकपा(एमाले)को सुर्य चिन्हमा त्यो भन्ने आधार सदनमा नेपाली काँग्रेसका सभापति तथा वर्तमान प्रधानमन्त्री शेर बहादुर देउवालाई बाँकी रहेका ४ वटै पार्टीले मत हालेर चुनाव जिताए जसरी नै गाउँगाउँमा धेरै जति ठाउँमा नेपाली काँग्रेसलाई र अन्य केही ठाउँहरुमा नेकपा(एकीकृत समाजवादी) (माओवादी केन्द्र) जनता समाजवादी पार्टीले अवसर पाउने देखिन्छ ।

तर माथिका सरकार पक्षका पार्टीहरुको मत भिन्नता र सिद्धान्त, विचार उद्देश्य हेर्ने हो भने काँही, केही पनि मिल्दैन मात्र निर्वाचनमा जितेर स्वार्थ पुर्ति गर्ने तरिका मात्रभएको जस्तो देखिन्छ । अझै परिभाषित तरिकाले नै भन्ने हो भने विगतमा जनयुद्ध लडेर आएको भनिएको ( माओवादी केन्द्र)ले त सामान्तवादको संक्षक भनेर आरोप लगाउने र दलाल पुंजीवादको संरक्षक भनेर समेत आरोप लगाएको पार्टी हो । नेपाली काँग्रेस हो उसैको पार्टीलाई नेकपा (माओवादी केन्द्र)का कार्यकर्ताले कसरी भोट हाल्छन् र स्थानीय निकायमा तालमेल कसरी हुन्छ । त्यसैगरी अर्को एमालेवाट केहीमहिना अगडी मात्र बिभाजित गरिएको नेकपा( एकीकृत समाजवादी) पार्टीले उसको मोटामोटी घोषणा पत्रमा नै समाजवादी सिद्धान्त उल्लेख छ । त्यो उद्देश्य पुरा गर्न उसैले भनेको समाजवादीक्रान्ति पुरा गर्न दलालपुजिवादअन्त्यनगरेसम्म समाजवादीक्रान्ति नै हुदैन । त्यसैगरी तराईवाट क्षेत्रियवादी मुद्दा लिएर आएको विगतको जनअधिकार फोरमहालको जनता समाजवादी पार्टीजसले क्षेत्रियतावादी सोच राखेर केन्द्र सरकारलाई गालीगर्दै आएको छ । उसले उठाउने गरेको मुद्दा पनि पृथकतावादी सोचको छ । त्यो मात्र कहाँ हो र ? नेपालमा भुकम्पले देश तहस नहस भइरहेको वेलाआन्दोलन गरेर भारतलाई समेत गुहारेर नाकाबन्दी लगाउने पार्टीको रुपमा चिनिन्छ । जनमोर्चा पार्टीले त संघियता खारेजको मुद्दा उठाएर सदनमा समेत आफ्नो फरक मत राख्ने गरेको छ ।

यता सरकारको नेतृत्व गरिरहेको पार्टी नेपालीकाँग्रेसको प्रजातान्त्रिक समाजवादसँग माथिका कुनै पनि पार्टीको सिद्धान्त, विचार र उदेश्यसँग मेल खादैन । त्यसैले नेपालीकाँग्रेसले पनियी सवै सरकारमाभएका गठबन्धनलाई साझा चुनावचिन्ह रुख हो भनेर भोट रुखमाहाल्न रणनीति नेपाली काँग्रेसले बनाई रहेको भन्ने समाचारको आधार बलियो नै मानिन्छ । तर ब्यवहारिक त्यति राम्रो हुने देखिदैन ।

त्यसैगरी नेकपा (एमाले) पार्टीको सुर्य चुनाव चिन्हमा भाग लिने परिवार दल र राप्रपा नेपाल रहेका छन् भने कतिपय एमालेसँग तालमेलमा छन् । यि धेरै जति पार्टीको एमालेसँग मिल्ने कुनै उदेश्य, विचार देखिदैन । मात्र चुनाव जित्नका लागि गरिएको सत्तामा पुग्ने खेलिएको खेल वाहेक अरु कुनै उद्देश्य देखिदैन । त्यसकारण नेपाली जनताले गठबन्धन प्रक्रिया प्रति नै प्रश्न गर्न थालेका छन् । जनताले कुन पार्टीको उद्देश्य विचार सिद्धान्त कस्तो छ । उसको ब्यवहारिकमा लागु हुन्छ की हुदैन जस्त बिषय हेरेर भोट हाल्न सजिलो हुन्थ्यो तर यतापार्टीको घोषणा पत्र एउटा छ । अर्को पार्टीको चुनाव चिन्हवाट चुनाव जित्छ अनि कसरी त्यो ब्यवहारिक हुन्छ भनेर जनताले प्रश्न गर्न थालेका छन् ।

स्वतन्त्र उम्मेद्वार पनि कम छैनन् ।

पर्टीको कोटामा नपरेका वा कुनै पार्टी मन नपराई बसेका स्वतन्त्र नागरिकहरुले यस पटकको निर्वाचनमा धेरै भन्दा धेरैले उम्मेद्वारी दिने अनुमान लगाउन थालिएको छ । र प्रचाररात्मक तरिकाहरु पनि त्यस्तै देखिन्छ । यसले नेपालको गठबन्धनलाई निक्कै चुनौतिके रुपमा पेस गर्न लागेको जस्तो देखिन्छ । यो नेपाली जनताहरुको लागि सिन्टिकेटको रुपमा रहेको ठुला भनिएका पार्टीहरुलाई पाख लगाउन सकिन्छ की सकिदैन भन्ने अग्नि परिक्षा पनिहो । यिनै जनताका महत्वपूर्ण प्रश्नहरुले गठबन्धनलाई चुनौति पेस गरेको छ । यिनै स्वतन्त्र ब्यक्तिहरुले आउँदा दिनमा बैकल्पिक शक्तिको रुपमा नयाँ योजनासहितको पार्टी स्थापना गर्ने हो भने आउँदो ५ वर्षपछि हुने निर्वाचनमा ठूलो शक्तिको रुपमा विकास हुने सम्भावना छ ।

# संघीय शासनका निरीह स्थानीय सरकार

**अर्जुनबहादुर अयडी**

सविधानसभा २ मार्फत २०७२ सालमा संविधान घोषणा भएसँगै मुलुकले औपचारिकरुपमै संघीय संरचनालाई आत्मसात गऱ्यो । २०७४ वैशाखदेखि मंसिरसम्म तीनै तहका निर्वाचन सम्पन्न भए । निर्वाचनमार्फत तीन तहका सरकारहरुको गठनसँगै संघीय लोकतान्त्रिक गणतन्त्र व्यावहारिकरुपमा कार्यान्वयनमा आयो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान घोषणा भएको ७ वर्ष र संघीयता कार्यान्वयनमा आएको ५ वर्ष पूरा भएको छ । यो वर्ष निर्वाचन वर्षका रुपमा रहेको छ। स्थानीय तहको निर्वाचन सम्मुखमै आइसकेको छ। यदि कुनै असामान्य परिस्थिति उत्पन्न भएन भने आगामी मंसिर/पुससम्म संघ तथा प्रदेशको पनि दोस्रो निर्वाचन भइसक्ने छ । संघीय संरचना अर्न्तगत गठित सरकारहरुको दोस्रो कार्यकालका लागि निर्वाचन सम्मुखमा आइरहँदा यस अवधिमा संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन के कस्तो भयो र यसले आम जनसमुदायमा के कस्तो प्रभाव पाऱ्यो भन्ने समीक्षा जरुरी छ । यद्यपि, कुनैपनि राज्यका लागि पाँच वर्षको अवधि खासै लामो नहोला तर राज्यका हरेक गतिविधिले नागरिकको जीवनमा पर्ने प्रभावका दृष्टिकोणबाट हेर्दा एक नागरिकको लागि भने पाँच वर्ष बहुमूल्य समय हो ।

२०७४ बाट कार्यान्वयनमा आएको संघीयताको मूयांकन गर्नु राज्यका दृष्टिकोणकबाट छिटो मान्न सकिएला तर 'कुनै पनि दिनको आकलन बिहानीबाट गर्न सकिन्छ' भने झैं पाँच वर्ष यताको अभ्यासबाट हामी कता गइरहेका छौं भन्ने आभास भने गर्न सकिन्छ । संघीयता रुपान्तरणको समयमा आमजनसमुदायमा देखिएको मानसिकतालाई सम्झने हो भने यसको पक्ष र विपक्ष गरी दुईवटा मानसिक धार प्रष्ट देखिन्थे । संघीयताका पक्षधरहरु उत्साहित देखिन्थे भने संघीयताको विपक्षमा रहेकाहरुमा एकप्रकारको त्रासको मानसिकता देखिन्थ्यो । २०७२ को संविधान घोषणा भएसँगै संघीयताका पक्ष र विपक्ष दुवैतिरको पारो पनि घटेकै देखिन्थ्यो । फरक यति मात्रै थियो, संघीयताका पक्षधरहरुमा उत्साहको पारो घटेर निरासामा परिणत भएको देखिन्थ्यो भने विपक्षीहरुमा त्रसित मानसिकताको पारो घटेर मनोबल बृद्धि भएको देखिन्थ्यो ।

संविधान जारी भएसँगै कसले कति पाए र कसले कति गुमाए भन्ने कुरा गौण भयो । २०७४ मा तीनै तहको निर्वाचन सम्पन्न भएसँगै संविधान कार्यान्वयनले तिव्रता पायो । आमनागरिकहरु परिवर्तित संरचना र शासन व्यवस्थामा आफ्नो उज्ज्वल भविष्यको सुनिश्चिता खोजिरहेका थिए । तर पाँच वर्षमा भएको संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनलाई फर्केर हेर्दा आमनागरिकको मनोभावना दिनप्रतिदिन सकारात्मकभन्दा बढी नकारात्मक बन्दै गइरहेको देखिन्छ । आखिर किन संघीयताप्रति आमनागरिक सकारात्मक हुन सकिरहेका छैनन् त ? संविधानले तीनै तहका सरकारका एकल र साझा अधिकार व्यवस्था गर्दागर्दै पनि छुटेका अधिकारसहित नीति तथा कानूनहरु निर्माणमा संघीय सरकारलाई प्रमुख जिम्मेवार बनाएको छ। प्रदेश तथा स्थानीय तहका सरकारले संघीय सरकारले निर्माण गरेका नीति, नियम तथा कानूनअनुरुप आफ्ना नीति, नियम तथा कानूनहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसबाट के प्रष्ट हुन्छ भने संविधानले शासन व्यवस्थाको खाका सँगसँगै त्यसको कार्यान्वयन सर्नदभमा मूर्त र अमूर्तरुपमा 'टप टु बटम' अवधारणालाई अबलम्वन गरेको छ । जसअनुसार पहिले संघीय सरकारको गठन गरेर मात्र क्रमशः प्रदेश र स्थानीय तहका सरकारहरुको गठन गरी नयाँ संरचनालाई कार्यान्वयनमा लैजानुपर्ने थियो । तर, भयो ठीक उल्टो । पहिले स्थानीय तह त्यसपछिमात्र संघीय र प्रादेशिक सरकार गठन गरियो । संविधानको भावना विपरित यसको कार्यान्वयनमा जुन उल्टो बाटो अबलम्वन गरियो त्यसको परिणाम स्थानीय स्तरमा सेवाप्रवाहको प्रमुख जिम्मेवारी बोकेका स्थानीय सरकारहरु गठन भएको लगभग वर्ष दिनसम्म निष्प्रभावी भएर बस्न बाध्य भए । २०७४ को निर्वाचनसँगै 'गाउँ गाउँमा सिंहदरबार त आए' तर संघीय तथा प्रदेश सरकारहरुको अकर्मण्यता र हेपाहा प्रवृत्तिका कारण आमनागरिकका आकांक्षाअनुरुप नागरिकसँग दैनिकरुपमा साक्षात्कार हुने स्थानीय तहका सरकारहरुले सेवा प्रवाह गर्न सकेनन् । सरकार र शासन व्यवस्थाको सफलता र दीर्घ जीवन त्यस सरकार र शासन व्यवस्थाले सृजना गर्ने अपनत्वमा भरपर्छ । २०७२ को संविधानले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण त गऱ्यो तर कहीं कतै अपनत्वको भाव विकास गर्न सकेन । २०७२ को संविधान जारी भएलगत्तै विभिन्न क्षेत्र तथा समुदायबाट संविधानको विरोधमात्र भएन च्यात्ने र जलाउनेसम्मका गतिविधिहरु भए । संघीयता कार्यान्वयनको प्रमुख जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्व तहले पनि नयाँ संविधान र व्यवस्थाको स्वामित्व ग्रहण गर्ने कुरामा कञ्जुस्याइँ मात्र गरेनन् अभिव्यक्ति तथा व्यवहारबाट नयाँ संविधान र व्यवस्थाको निरन्तर अवमूल्यन गर्दै आए ।

२०७६ जेठ ६ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले धादिङमा आयोजित एउटा कार्यक्रममा भनेका थिए, 'प्रदेश सरकारहरुलाई अलिअलि के(के लाग्छ भने हामी स्वतन्त्र राष्ट्रका सार्वभौम सरकार हौं । हामीलाई किन नियन्त्रण गऱ्या होला जस्तो पनि अलिअलि लाग्छ । त्यसकारण यो भएन, त्यो भएन भनेर छटपटाएको पनि देखिन्छ । यो परिपाटी बस्दै जान्छ । नेपाल एउटा राष्ट्र हो, एउटा देश, एउटा सरकार, नेपाल सरकार, त्यसका विभिन्न अंग, अवयवहरु छन् । निकायहरु छन् । सातवटा प्रदेश छन् । त्यहाँ प्रदेश सरकारहरु छन् । ७ सय ५३ वटा स्थानीय तह छन् । त्यहाँ स्थानीय तहका सरकारहरु छन् । तर, यी सबै नेपाल सरकारका विभिन्न इकाइहरु हुन् ।'

पहिलोपटक प्रधानमन्त्रीबाट हट्नु केही दिनअघि धुलिखेलमा आयोजित एउटा कार्यक्रममा उनले 'बाखाको टाउकोमा भैंसीको सीङजस्तो संघीयता मुलुकले धान्न नसक्ने भन्दै धानिएन भने फेरि विचार गर्ने' बताएका थिए ।

पूर्वप्रधानमन्त्री ओलीले बोलीमा मात्रै होइन, व्यवहारले पनि संघीय प्रणालीप्रति अनुदार रहेको छनक दिइरहे । संघीय सरकारले प्रदेशको अधिकार खुम्च्याउनेगरी विधेयकहरु ल्याउने, बजेट ल्याउँदा पनि संघलाई बलियो बनाउनेगरी ल्याउने, प्रधानमन्त्रीकै नेतृत्वमा रहेको संघीयता कार्यान्वयनमा प्रमुख भूमिका निर्वाह गर्ने अन्तरप्रदेश समन्वय परिषद्लाई निष्क्रिय बनाउने र प्रमुख जिल्ला अधिकारी (सिडिओ) हरुलाई शक्तिशाली बनाउने लगायतका गतिविधिमार्फत संघीय प्रणालीको मर्ममा प्रहार गर्ने काम गरियो । प्रधानमन्त्रीबाटै विभिन्न समयमा संघीयतालाई अवमूल्यन गर्ने गरी दिइएका अभिव्यक्तिहरु हुन् वा गरिएका व्यवहार सार्वजनिक भइरहँदा सामाजिक सञ्जालतिर संघीयता पक्षधरले आलोचना गर्ने गरेको भए पनि राजनीतिक पार्टी र तिनका नेताहरु भने मौन देखिएका थिए । संघीय सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीका अभिव्यक्ति र व्यवहारमात्र होइन प्रदेश तथा स्थानीय सरकारहरुले देखाएको भुरे टाकुरे राजा प्रवृत्तिले पनि आमनागरिकमा संघीयताप्रति अपनत्व विकास गर्नुको सट्टा घृणा उत्पन्न गर्न जबरजस्त भूमिका खेलेको देखियो ।

देशलाई एकात्मक शासनबाट संघीयतामा रुपान्तरण गर्नु भनेको अमूर्त संरचनाहरुको निर्माण मात्र होइन, शक्तिको स्थानीयकरण (अधिकारको तल्लो तहमा हस्तानतरण) पनि हो, चाहे त्यो राज्यशक्तिको होस् वा अन्य राजनीतिक शक्तिको ।

संविधानमा तीनै तहका सरकारका एकल र साझा अधिकारहरुको सूचि बनाई तीनै तहका सरकारबीच अधिकारको बाँडफाँट गरियो । तर, व्यावहारिकरुपमा राज्य र राजनीतिक दल कसैले पनि यथार्थमा अभ्यास गर्न चाहेनन् । प्रदेश तथा स्थानीय तहका सरकारहरु हरेक निर्णयका लागि पार्टी केन्द्र तथा संघीय सरकारको निर्णयमा निर्भर देखिए चाहे त्यो प्रदेश सरकारको मन्त्री छनोटको कुरा होस् वा योजना, नीति, कानून निर्माण तथा कार्यान्वयनको सर्नदभमा होस् । प्रदेश तथा स्थानीय सरकारले कुनै निर्णय आफ्नै बलबुतामा गर्न खोजे पनि संघीय सरकार तथा पार्टी केन्द्रबाट अवरोध खडा गर्ने, अवमूल्यन गर्ने काम गरियो । संघीय सरकार तथा पार्टी केन्द्रको स्रोतसाधन तथा निर्णय प्रक्रियमा रहेको वर्चस्वका कारण जनतासँग प्रत्यक्षरुपमा जोडिएका तथा संघीयता कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने प्रदेश अनि स्थानीय सरकारहरु औचित्यहीन र निरीह निकायको रुपमा स्थापित भए ।

आमनागरिकको विश्वास थियो देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनसँगै भ्रष्टाचारको अन्त्य हुनेछ । सरकारका गतिविधिहरुमा पारदर्शिता आउनेछ । सरकार जवाफदेही, जिम्मेवार अनि प्रभावकारी हुनेछ । सुशासनको सुरुवात हुनेछ । तर, पछिल्ला पाँच वर्षयता तीनै तहका सरकारका गतिविधिहरु झन् अपारदर्शी, अनुत्तरदायी, गैरजिम्मेवार एवम् प्रभावहीन भइदिंदा जताततै कुशासनले सीमा नाघ्यो । देशभर व्याप्त कुशासनका कारण दण्डहीनता एवं भ्रष्टाचार यसरी मौलायो कि सरकारका योजना तथा कार्यक्रमहरु पहुँचका भरमा साटफेर तथा पैसामा खुलेआम खरिद( बिक्री हुन थाले ।

'आफ्नो हात जगन्नाथ' भने झैं सत्ताधारीले सरकारी ढुकुटी अफ्ना कार्यकर्तालाई विभिन्न योजनाका नाममा मनपरी वितरण गरी व्यापक दुरुपयोग गरेको आमनगरिकले आफ्नै आँखाले देखे र कानले सुने । यस अवधिमा विकास तथा सरकारी सेवासुविधा पहुँच तथा पैसा हुने सानो तप्कामै सीमित हुन पुग्यो । पहुँच तथा पैसा नहुने आमसमुदायलाई 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' भनेझैं भयो संघीय लोकतान्त्रिक गणतन्त्र । यति धेरै सरकारहरुलाई न विकास गतिविधिहरुले छोयो न त सरकारी सेवासुविधामै सहज पहुँचको वातावरण बन्यो । उल्टै पहुँच तथा पैसा नहुने आमसमुदायको जीवन झन् कष्टकर बन्न पुग्यो ।

देशलाई एकात्मक संरचनाबाट संघीयतामा रुपान्तरणको सिलसिलमा आमनागरिकबीच सह(अस्तित्व, सहकार्य, समावेशिता, प्रतिनिधित्व र विकास प्रमुख एजेण्डाका रुपमा अघि सारिएका थिए । तर, संघीयता कार्यान्ययनका बेला ती सबै एजेण्डाको घाँटी निमोठ्ने काम गरियो । त्यतिमात्र होइन यस अवधिमा सरकार, राजनीतिक नेतृत्व, निहित स्वार्थ समूह, विचौलिया र ठेकेदारहरु बीचको सह(अस्तित्व र सहकार्य (गठजोड) संघदेखि स्थानीय तहसम्म राम्रै फस्टायो । दुःखको कुरा यस अवधिमा तीनै तहका सरकारहरुबीच नत सह(अस्तित्व र सहकार्यको वातावरण बन्न सक्यो न आमसमुदाय र सरकार बीचको सह( अस्तित्व र सहकार्य अघि बढ्न सक्यो ।

यस अवधिमा समावेशिता र प्रतिनिधित्वको सवालमा सबैभन्दा चर्को कुरा गर्ने राजनीतिक दल तथा समुदायबाटै ती एजेण्डाको बेवास्तामात्र गरिएन नातावाद, कृपावाद, धनवाद, परिवारवाद, साम्प्रदायिकतावाद र गुटवादको साम्राज्य खडा गर्ने काम गरियो । विकासका बारेमा त झन् भनीसाध्य नै भएन । कानूनी भाषामा प्रयोग हुने एक प्रचलित वाक्यांश 'सबै परम्परा प्रथा हुनसक्छ' भने जस्तै संघीयता कार्यान्वयनको सिलसिलामा नेतृत्व जति सबै ठेकेदार बन्न पुगे र विकास नेताहरुको ठेकेदारीमा कैद गरियो । आवश्यकताका आधारमा विकास होइन ठेकेदारीका आधारमा विकास अगाडि बढाइयो । विकासलाई ठेकेदारीमा कैद गरिँदा आमनागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा रोजगारी सृजना हुने उत्पादनमूलक क्षेत्रको विकासभन्दा टावरे (भ्यूटावर) विकासले बजार जमायो ।

समग्रमा, सरकार तथा राजनीतिक दलहरुले गरेका विगत पाँच वर्षका हर्कतहरुका कारण आमनागरिकमा सरकार र दलहरुप्रतिमात्र नभई वर्तमान शासन व्यवस्था र संरचनाप्रति नै उदासीनमात्र बनाएको छैन व्यापक निराशासमेत उत्पन्न गराएको छ । जबसम्म नागरिकको मनोभावना आफ्नो सरकार र शासन व्यवस्थाप्रति सकारात्मक हुन सक्दैन नागरिक र सरकार बीचको सम्बन्ध पनि सुमधुर हुन सक्दैन । जब नागरिक र सरकार बीचको सम्बन्ध सुमधुर हुन सक्दैन तब सरकार तथा शासन प्रणाली आलोचनाको केन्द्रविन्दुमात्र बन्दैन सरकार अनि शासन प्रणालीको वैधतामै प्रश्नचिन्ह खडा हुन्छ । यदि समयमै सम्पूर्ण जिम्मेवार पक्षले आमजनसुदायमा व्याप्त निराशालाई अन्त्य गरी आशाको किरण देखाउन सकिएन भने विद्यमान शासन प्रणालीको वैधतामै प्रश्न चिह्न खडा नहोला भन्न सकिँदैन ।

(अयडी मध्यपश्चिम विश्व विद्यालयका सह(प्राध्यापक हुन् ।) कान्तिपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



कुमार कार्की
अध्यक्ष

नेपाल व्यापार संघ परिवार
काठमाडौं

# निर्वाचनमा नागरिक दायित्व

**मोहन अधिकारी**

हरेक विवेकशील नागरिक र विशेषगरी प्रबुद्ध वर्गले जनसरोकार र देशप्रतिको गहन दायित्व मनन् गरुन्। नेपाल कहिल्यै पराधीन हुन नपरेको गाथा निरन्तर गाइँदा नेपाली गौरवको अनुभूति गर्छन्। प्राकृतिक स्रोतसाधन र मेहनती जनशक्तिको पनि यहाँ कमी छैन। झन् प्रकृतिको त यसले वरदान नै पाएको छभन्दा अत्युक्ति नहोला। यी र यस्ता तमाम सकारात्मक यथार्थका बावजुद देशले योथोचित विकास गर्न नसकेकोमा भने सबैको मत्यैक छ। आखिर किन त ? यसको जवाफ पनि प्रत्येक नेपालीलाई मात्र नभई यो देशप्रति चासो राख्ने जति सबैलाई राम्रै थाहा छ।

तथापि, यसको समाधान हुन सकिरहेको छैन। व्यवस्था गतिलो भएन भनौं भने देशले राजतन्त्र, राणाशासन, पञ्चायत, प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रसम्मको परीक्षण व्यहोरिसकेको छ। तर, व्यवस्था परिवर्तन भए पनि देश हाँक्ने जिम्मा लिएका पात्र र तिनका प्रवृत्ति नफेरिएबाट परिणाम पनि फेरिन सकेको छैन। राजनीतिज्ञहरूमा नैतिकता, इमानदारिता, जवाफदेहिता र कर्तव्यपालनाको अभावका कारण समस्या आएकामा स्वयं दलहरू पनि स्विकार्छन्। तर, उनीहरूले आफूभित्रका वास्तविक समस्या पहिचान गर्न नसक्नु अनि पहिचान गरेर पनि निराकरण गर्नुपर्ने हो। तर त्यसको साटो खोट जति अन्य दललाई थोपरेर आफू पानीमाथिको ओभानो बन्न खोज्दा समस्याले निकास पाउन सकेको छैन।

**दलहरूको कार्यशैली र प्रवृत्ति**

भन्न त हाम्रा नेताहरू आफूले राजनीति देश र जनताका लागि गरेको दलील दिन्छन्। ज्ञातव्य छ, उनीहरू व्यक्तिगत अभीष्ट र दलप्रति त अब्बल देखिए। परन्तु, नागरिक र देशप्रतिको बफादारिता अत्यन्त गौढ देखिन्छ। देशमा अनगिन्ती नेताहरू छन्। तर, जुठोपुरोको आसमा नेतृत्वको चाप्लुसी गर्नेको बेग्लै कुरा। अन्यथा, तटस्थ नागरिकको शिर श्रद्धाले झुक्ने नेताको भने खडेरी नै परेको देखिन्छ। बीपी कोइराला भन्ने गर्थे- नेतृत्वले गलत गर्दा पनि टुलुटुलु हेरेर बस्ने कार्यकर्ता या त चरम अवसरवादी हुन् या त दास हुन्। विडम्बना, केही समयअघि यहाँका ठूला तीन दलले जेनतेन पूरा गरेका महाधिवेशनलाई दृष्टिगत गरौं। लाग्छ, नेतृत्वले जस्तोसुकै गलत कदम चाले पनि उस्तै परे सोको बचाउ गर्नै पर्ने, नभए पनि टुलुटुलु हेरेर बस्नेवाहेकको खैरियत देखिएन।

उत्तराधिकारी ठानिएकाहरूले नेतृत्वलाई चुनौती दिने आँट गर्न नसक्नु र जेनतेन गरेकाले फराकिलो हार बेहोरेकाले पनि पार्टीपंक्ति नेतृत्वप्रति अनुचित मात्रामा कति प्रभावित छ भन्ने स्पष्ट हुन्छ। साथै, नेतृत्वमा पुगेपछि यिनले शक्तिको कति दुरुपयोग गरिरहेका छन् र पद गुम्न नदिन चाल्नुपर्ने कदमबारे उनीहरूसँग कस्तो अद्भुत कौशल छ भन्ने तथ्यलाई पुष्टि गर्छ। फुटो अभिव्यक्ति दिएर जनसमुदायलाई दिग्भ्रमित पार्नुमा त दलीय नेतृत्वबीच प्रतिस्पर्धा नै चलिरहन्छ। फलतः राजनीति भनेकै जाल, झेल, तिकडम, फटयाइँ, बलमिच्याइँ आदि अनहोनीबाट आफ्नो दुनो सोझ्याउने र आफ्ना आसेपासेलाई पोस्ने व्यवसायमा परिणत हुनु खेदजनक छ। त्यसै पनि जनसंख्याको अनुपातमा राजनीतिमा लाग्नेहरूको संख्या यहाँ अत्यधिक छ। दलहरूबीच सदस्य संख्या थप्ने होडबाजीले निरन्तरता पाउँदै आएको छ, जसमा बिचौलिया, बाहुबली आदि प्राथमिकतामा पर्छन्। त्यसो त, राजनीतिमा लागेका सबै पात्र गलत भनियो भने उनीहरूप्रति पूर्वाग्रही रहेको ठहर्छ। तर, भन्नै पर्ने यति हो कि गलत पात्रको बाहुल्यले सहीलाई ओझेलमा पार्दै आएका छन्। अनि, न्यूनतामा रहेका आदर्श पात्रहरू एकजुट हुन नसक्दा पृथक्पृथक् उनीहरू निरीह साबित भएका छन्।

**आगामी निर्वाचनहरूमा दलहरूसँगको अपेक्षा**

देशमा अहिले स्थानीय निर्वाचन सन्निकट छ। साथै २०७९ सालमा नै प्रदेशसभा र संसदीय निर्वाचन पनि गर्नै पर्ने बाध्यता छ। तर, दलहरू आफ्ना कर्मबाट नभई अरूलाई कमसल देखाएर आफू अब्बलै रहेको भ्रान्तिमा देखिन्छन्। विडम्बना तमाम विकृति, विसंगतिका वाहक पूर्वपरीक्षित तर असफल दलहरू नै पुनः ठूलो दल बनेर सत्तामा आउने हाँक देखाइरहेका छन्। त्यसमा पनि उनीहरूले आफ्ना गल्ती महसुस गरेर हिजो मबाट यो यो कमजोरी भएकै हो। म विगतको आफ्नो भूमिकाप्रति आत्मलोचना गर्छु। आइन्दा जनतामा अनुचित भ्रम सिर्जना गर्ने धृष्टता गर्दिनँ। सक्ने र सम्भव हुनेकुरा मात्र गर्छु। आइन्दा क्षमतावान् र निष्ठावान् नागरिकलाई योग्यतानुसारको उचित अवसर प्रदान गर्छु। कसैप्रति पनि भेदभाव र अन्याय हुन नदिनमा आफ्नो प्रयास रहनेछ भनेर प्रायश्चितसहित जनतासँग माफी माग्छन् भने बेग्लै कुरा। अन्यथा, चुनावको मुखमा पनि उनीहरू निर्वाचित भएपछि आफूले गर्ने कामको फेहरिस्त सुनाउँलान्भन्दा अन्य दलको खेदो खन्नेछन्। यसरी आआफ्ना पल्ला भारी बनाउने कसरतमा छन्। यिनले आफ्ना लागि अन्तिम मौका भनेर छद्मभेषी याचना गर्दैमा या दल विशेषले उठाएको उम्मेदवार भन्दैमा अनुचित खलपात्रले पुनः निर्वाचित हुने मोह त्याग्न सक्नुपर्छ।

**आसन्न निर्वाचनमा नागरिकको दायित्व**

देश र जनताका दुरवस्थाका लागि राजनीतिक दलहरू त मूलभूत रूपमा दोषी छन् नै। तर, उनीहरूलाई मात्र दोष थोपरेर अरूले कदापि उन्मुक्ति पाउने छैनन्। आखिर उनीहरूलाई त्यहाँ पुऱ्याएको पनि त हामीले नै हो। विचारणीय छ, जब दलहरूले दलबाहेकका लागि कहिल्यै कुनै घाँस हाल्दैनन्/योगदान गर्दैनन् भने कुनै पनि दलको झोला नबोकेका हामी नागरिक के गर्ने ? के अब पनि पटकपटक परीक्षित तिनै दलहरूलाई सत्तामा पुऱ्याउने त ? तर, यसका लागि हाम्रा सोचमा व्यापक परिवर्तनको खाँचो छ। किनभने एकातिर हामी 'पहिल्यैदेखि बाबु, बाजे, आफन्त संलग्न दललाई छोडेर कहाँ अरूलाई भोट हाल्ने' भन्ने मान्यतामा जकडिएका हुन्छौं। अर्कोतिर, असल पात्र पहिचान गरेर मतदान गर्नुभन्दा पनि जित्नेलाई भोट हालेमा मतको सदुपयोग हुने सोच हावी छ। फेरि कतिपय जनमानसले मेरो एक भोटले के नै फरक पर्ला र भन्ने सोच पालेको पाइन्छ। कोहीले 'भनेजस्तो काम कसैले गर्ने होइनन्, अब म त कसैलाई पनि भोट नहाल्ने' जस्ता सोच बनाएको पाइन्छ।

त्यसो त, सर्वोच्च अदालतले 'राइट टु रिजेक्ट' कार्यान्वयन गर्न सात वर्षअघि नै आदेश गरे। तैपनि नालायक शासकहरूको अकर्मण्यताका कारण हालसम्म पनि नियम नबनेबाट सोको कार्यान्वयन हुन सकेको छैन। यद्यपि, असलपात्रको अभावमा जनताहरू कम कमसल/हानिकारक पात्रलाई भोट हाल्न अभिशप्त छन्। तर, कथं कदाचित भोट नै हालिएन भने त झन् ढाँट र भ्रमको खेती गरेर पटक-पटक सोझासाझा जनतालाई झुक्याएका दलहरूले अझै पनि सोही या अझ खतरनाक अस्त्र प्रयोग गरेर पुनः बाजी मार्न सक्छन्। त्यसो हुँदा त्यसो गर्नु झन् ठूलो नादानी हुने निश्चित छ।

**विगतको समीक्षासहित भविष्यमा चालिनुपर्ने कदम**

त्यसो त, देशमा उन्नत राजनीतिक व्यवस्था रहेको र जनसंख्याको ठूलो हिस्सा राजनीतिमा लागेकोलाई सम्भवतः अधिकांशले जनतामा लोकतन्त्रमाथिको बलियो आस्थाका रूपमा पनि अर्थ्याउँदा हुन्। तर, यहाँको अन्तर्य नितान्त बेग्लै छ। लोकतन्त्रको आवरणमा देश र जनताका नाम भने भजाउने। तर, देशकै शोषण गर्न पछि नपर्ने, अनि पद र सुविधा जति राजनीतिमा संलग्नको पेवा बनाउने। फलतः बुद्धिजीवीहरू पलायन हुने शृंखला जारी छ। समान अवसर र समन्याय कागज र नारामा मात्र सीमित छ। देशमा योग्य र कर्मठ नागरिकको कमी छैन। तर, दुर्भाग्य, राज्यका महत्वपूर्ण र आकर्षक सबै पद या त राजनीतिक भागबन्डामा या लिलामीमा बाँडिन्छन्। निर्वाचन सन्निकट आउँदा दलहरूले व्याप्त विकृति, विसंगति न्यून गर्ने र देश उत्थानका लागि गर्नुपर्ने असंख्य कार्यमध्ये केहीको सुरुवातसम्म गरेर जनताका मन जित्नुपर्ने हो। तर, उनीहरू पुनः निर्वाचित भएपछि आआफूले गर्ने कामको फेहरिस्त पेस गर्नुपर्ने हो। त्यसको साटो अरूको बदख्वाई गरेर र हावादारी चुनावी गफ फर्माएर आफ्नो पल्ला भारी बनाउन सकिन्छ कि भन्ने आत्मरतिमा छन्।

समष्टिमा, यथास्थितिमा हामी कोही पनि सन्तुष्ट नरहेको स्विकारिरहेका छौं। आखिर, हामीले नै बिगारेपछि सपार्ने जिम्मेवारी पनि त हाम्रै हो। सच्चिने पहिलो दायित्व स्वाभाविकरूपमा दलहरूका नेतृत्वको हो। कथम् सुध्रिदैनन् भने आबद्धहरूले देश र नागरिकप्रति वफादार भई त्यस्ताको गुलामी गरेर दलमा टाँसिराख्ने मोह त्याग्नुपर्‍यो। तर, दुवै सम्भावना अत्यन्तै न्यून देखिन्छ। त्यस अवस्थामा नागरिक समाजले मनन् गर्नैपर्ने यक्ष प्रश्न यहाँ तेर्सिन्छ, दलमा आबद्ध भनिएका ३०-३२ लाखको पिछलग्गु बनेर अढाई करोडभन्दा बढी अन्यले देशलाई थप भड्खारोमा किन हाल्ने ?

त्यसैले, हरेक विवेकशील नागरिक र विशेषगरी प्रबुद्ध वर्गले जनसरोकार र देशप्रतिको गहन दायित्व मनन् गरुन्। अनि एकजुट भएर योग्यतम् पात्र निर्वाचित गराउने अभिभारा पूर्ण जिम्मेवारीकासाथ वहन गर्नुको विकल्प देखिँदैन।

***- अधिकारी नागरिक उययन प्राधिकरणका पूर्वमहानिर्देशक हुन्।***


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी

**नेपाल आयल निगम लि. को**

**अति आवश्यक जानकारी**

**एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।**

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै भ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुभ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नब बन्द गरौं।
२. झ्याल ढोका खुल्ला राखौं र भिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं। विद्युतजन्य उपकरणको प्रयोग नगरौं।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१


# रामेछाप डायरी

## रामेछापमा सत्ता गठबन्धनबीच चुनावी तालमेल नहुने

रामेछाप। रामेछाप जिल्लामा सत्ता गठबन्धनबीच चुनावी तालमेल नहुने करिब निश्चित भएको छ। नेपाली कांग्रेस र माओवादीबीच कुरा सिट बाँडफाँडमा कुरा मिल्न नसक्दा अब तालमेल हुने सम्भावना निकै न्युन बन्न पुगेको हो। रामेछापमा माओवादीले सुनापति गाउँपालिका,दोरम्बा शैलुङ गाउँपालिका,खाँडादेवी गाउँपालिका र मन्थली नगरपालिकामा दावी गर्दै आएको छ। माओवादीले चार वटा स्थानीय तहमा दावी गरेपछि कांग्रेसले पनि रामेछापको पाँच वटा स्थानीय तह दावी गरेको छ।

एकीकृत समाजवादीले मन्थली नगरपालिकामा आफ्नो दावी कायमै राखेको छ। गठबन्धनमा आबद्ध तीन दलबीच आ-आफ्नै दावी कायमै रहेसँगै सत्ता गठबन्धनको बैठक नै बस्न सकेको छैन्। गठबन्धन निर्माण नहुने भएसँगै सत्ता गठबन्धन आ-आफ्नै तयारीमा जुटेका छन्। सुरुमा चुनावी तालमेल हुने भन्दै उत्साहित बनेका तीन दलबीच आ-आफ्नो अडानले बैठक नै प्रभावित बन्न पुगेको छ। सत्ता गठबन्धनबीच कुरा मिल्न नसकेपछि कांग्रेस जिल्लाको आठ वटा स्थानीय तह मध्ये पाँच वटा स्थानीय तहमा प्रमुख पाउनु पर्ने प्रस्तावसहितको चिठी माओवादी र एकीकृत समाजवादीलाई पठाएको छ। कांग्रेस रामेछापका सभापति पूर्णबहादुर तामाङ कान्छारामले कांग्रेसको पाँच वटा स्थानीय तहमा दावी रहेको छ।

## रामेछापमा पाँच दलीय गठबन्धन नभएपछि एमाले उत्साहित

रामेछाप। नेकपा एमाले रामेछापले आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा जिल्लाको ८ मध्ये ६ वटा स्थानीय तहमा जित्ने दावी गरेको छ। विगतमा जित हासिल गरेको पाँच सहित थप एक स्थानीय तहमा पनि जित्ने दावी गरेको हो। एमाले रामेछापका अध्यक्ष आन्नद श्रेष्ठले जिल्लामा छ वटा स्थानीय तह जित्ने आफ्नो पार्टीको आधार रहेको बताए। उनका अनुसार विगतमा एमालेले जितेको स्थानीय तहमा विगतमा भन्दा संगठन राम्रो बनेको र पार्टी फुटको असर नभएको हुनाले सहज रुपमा जित्ने आकलन गरेका छौं।

एमालेले गत स्थानीय तहको निर्वाचनमा मन्थली नगरपालिका, खाँडादेवी गाउँपालिका, लिखु तामाकोसी गाउँपालिका, गोकुलगंगा गाउँपालिका र उमाकुण्ड गाउँपालिका जितेको थियो। यस पटक रामेछाप नगरपालिका पनि जित्ने एमाले दावी गरेको छ। गत निर्वाचनमा एमालेबाट रामेछाप नगरपालिकाको उम्मेदवार बनेका रोशन पाखिन झिनो मतको कारण पराजित भएका थिए। यस पटक पनि एमाले पुनः पाखिनलाई नै सर्वसम्म रामेछापको नगरप्रमुखको उम्मेदवार चयन गरिसकेको छ। गत निर्वाचनमा एमालेबाट मन्थली नगरपालिकाको नगरप्रमुखमा निर्वाचित रमेश कुमार वस्नेत हाल एकीकृत समाजवादीमा छन्। रामेछापमा सत्ता गठबन्धनबीच चुनावी तालमेल नहुने अवस्थामा एमालेलाई विगतको विरासत जोगाउने अवसर बन्न सकिने चर्चा सुरु भएको छ।

## रामेछापका ४२ हजार भन्दा बढी नागरिक स्वास्थ्य बीमाको पहुँचमा

रामेछाप। जिल्लाका ४२ हजार भन्दा बढी नागरिक स्वास्थ्य बीमाको पहुँचमा पुगेका छन्। आर्थिक अवस्था कमजोर भएका नागरिकलाई स्वास्थ्यको मूल प्रवाहमा ल्याउने उद्देश्यले सरकारले सामाजिक स्वाथ्य विकास समिति मार्फत ल्याएको स्वास्थ्य बीमा कार्यक्रममा जिल्लाका ४२ हजार ४५५ जना आवद्ध भएका छन्। दुई नगरपालिका र छ वटा गाउँपालिकाको ६४ वडा रहेको जिल्लाका हालसम्म २२ हजार ३६७ महिला र २० हजार ८६ पुरुषले स्वास्थ्य बीमा गराएको स्वास्थ्य बीमा बोर्ड रामेछापका दर्ता अधिकारी यज्ञराज ढुङ्गेलले बताउनुभयो। उहाँका अनुसार जिल्लामा सबैभन्दा बढि मन्थली नगरपालिकाबाट १३ हजार ३९३ जना र सबै भन्दा कम उमाकुण्ड गाउँपालिकाबाट दुई हजार ३७४ जनाले स्वास्थ्य बीमा गराएका छन्। जिल्लाको रामेछाप नगरपालिकाबाट ४ हजार ७७१ जना ,सुनापति गाउँपालिबाट ८ हजार ४८३ जना, लिखुतामाकोशी गाउँपालिकाबाट दुई हजार ३ हजार ११, खाँडादेवी गाउँपालिबाट ३९७८ जना नागरिकले स्वास्थ्य बीमा गराएका छन्। त्यस्तै, गोकुलगङ्गा गाउँपालिकाका दुई हजार ८५२ र दोरम्बा गाउँपालिकाका तीन हजार ५९४ जना नागरिकले स्वास्थ्य बीमा गराएको दर्ता अधिकारी ढुङ्गेलले बताउनुभयो।

उहाँका अनुसार हाल सम्म पाँच हजार ६ हजार २६१ जना ७० बर्ष कटेका ज्येष्ठ नागरीकहरुले स्वास्थ्य बीमा गराएका छन्। ४६० पुर्ण अशक्त अपाङ्गता भएका घर परिवार र अति गरिबि तथा रातो कार्ड प्राप्त गर्ने ७ हजार ८६८ घरपरिवारले स्वास्थ्य बीमा गराएका छन्। स्वास्थ्य बीमा गराएका नागरिकहरुले जिल्ला अस्पताल रामेछाप,मन्थली ,गेलु र खिम्ति प्राथमीक स्वास्थ्य केन्द्र ,जिल्ला आँखा केन्द्र,तामाकोसी अस्पताल मन्थली र धुलिखेल अस्पतालबाट स्वास्थ्य सेवा लिन सक्नेछन्।

स्वास्थ्य बिमामा आवद्ध हुनको लागि पाँच जनासम्म सदस्य रहेको परिवारले वार्षिक तीन हजार ५०० सय र पाँच जनाभन्दा माथिको सङ्ख्या भएमा प्रति सदस्य सात सय रुपियाँ थप शुल्क तिर्नुपर्छ। रामेछापमा २०७४ सालको पौष अन्तिम साताबाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भएको हो।

## आफ्नै कार्यकर्ताबाट कुटिए एमाले नेता माधव ढुंगेल

रामेछाप। एमालेका केन्द्रीय सदस्य माधव ढुंगेललाई आफ्नै नेता कार्यकर्ताबाट आक्रमण गरेका छन्। एमालेको केन्द्रीय सम्पर्क कमिटीको बैठकमा स्थानीय तहको निर्वाचनको टिकटको विषयलाई लिएर विवाद भएको थियो। विवाद चलिरहेका बेलामा उनलाई आफ्नै एकजना महिला कार्यकर्ता लक्ष्मी न्यौपानेले आक्रमण गरेकी हुन्।

रामेछापको खाँडादेवी गाउँपलिका अध्यक्ष र उपाध्यक्षको टिकटको विषमा छलफल हुँदै थियो। छलफलका क्रममा विवाद भएको थियो। विवादका क्रममा न्यौपानेले केन्द्रीय सदस्य ढुंगेललाई हातपात गरेकी हुन्। न्यौपाने भने एमाले केन्द्रीय सम्पर्क समितिकी सदस्य हुन्। न्यौपानेले ढुंगेललाई गरेको आक्रमण रोक्न खोज्दा ढुंगेल पत्नी सरिता दाहाल पनि घाइते भएकी छन्।

## राष्ट्रिय वाणिज्य बैंकको ऋणपत्र निष्काशनको लागि सानिमा क्यापिटल बिक्री प्रबन्धक नियुक्त

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले निष्काशन गर्न लागेको RBBL Debenture, 2089 ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेडलाई नियुक्त गर्ने सम्बनधमा सोमबार सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी र सानिमा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत भिष्मराज चालिसेले हस्ताक्षर गर्नुभएको छ। बैंकले प्रति ऋणपत्र अंकित मूल्य रु.१०००।- दरले कुल ५ अर्ब




रुपैंया (५० लाख कित्ता) मूल्य बराबरको दश वर्षे ऋणपत्र बिक्री गर्न लागेको हो। आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेपछि बैंकले ऋणपत्र बिक्री गर्नेछ।

RBBL Debenture, 2089 नामको कुल ५० लाख कित्ता ऋणपत्रमध्ये ३० लाख कित्ता व्यक्तिगत तवरबाट संगठित संस्थाहरुलाइ बिक्री गरिनेछ भने २० लाख कित्ता सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट ऋणपत्र बिक्री गरिनेछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले बैंकलाई समयमै वित्तीय दायित्व पूरा गर्ने सन्दर्भमा प्रयाप्त मात्रामा सुरक्षा प्रदान गर्ने संस्थाको रुपमा रहेको संकेत गर्ने CARE.NP A±(Is) रेटिङ्ग प्रदान गरेको छ।

बैंकले देशभर २५८ वटा शाखा कार्यालय, २४५ वटा ए.टि.एम, ४१ स्थानमा एक्सटेन्सन काउण्टर, ९८ शाखारहित बैंकिंग सेवा सहित आधुनिक डिजिटल बैंकिङ्गको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ।

## मशरेक बैंककी नेपाल प्रतिनिधि प्रमुख अधिकारीलाई आर्थिक विकास सेवा सम्मान

मशरेक बैंक दुबईको नेपाल प्रतिनिधि प्रमुख हेमा कुमारी अधिकारीलाई आर्थिक विकास सेवा सम्मान प्रदान गरिएको छ। लामो समयदेखि अनवरत रुपमा सामाजिक सेवा र आर्थिक विकाशको क्षेत्रमा नेपाली नागरिक समाजमा सर्मपित रहँदै वित्तीय व्यवस्थापन र विभिन्न सामाजिक संघ संस्थाहरुमा अतुलनिय



योगदान गरेकोमा अधिकारीलाई उक्त सम्मान प्रदान गरिएको हो।

चन्द्रलोक प्रतिस्ठानले उनको भुमिकाको उच्च कदर गर्दै आर्थिक बिकास सेवा सम्मानित गरेको हो। नयाँ वर्षका अवसरमा प्रतिष्ठानले आयोजना गरेको शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रममा पूर्व मन्त्रिपरिषदको अध्यक्ष खिलराज रेग्मीको प्रमुख आतिथ्यता तथा नेपाल सरकारको पूर्व सचिव, बरिष्ठ साहित्यकार तथा पूर्वमन्त्री शंकर प्रसाद कोईरालाको विशिष्ट आथित्यतामा उनलाई उक्त सम्मानपत्रसहित सम्मानित गरिएको हो। उक्त अवसरमा आर्थिक र समाजसेवीका रुपमा नेपाली नागरिकको सेवामा उनले खेलेको भुमिका सबैका लागी प्रेरणादायी र प्रंशसनिय रहदै आएको र आगामी दिनमा अझै क्रियाशिल, सशक्त र रचनात्मक भुमिका खेल्न उनलाई प्रतिष्ठानको अध्यक्ष तथा कार्यक्रमका वक्ताहरुले शुभकामना दिनुभएको थियो। कार्यक्रममा सम्मानित अधिकारीले आफु सदैब नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणको कार्यमा कटिबद्ध रहने र राष्ट्र निर्माणको लागी सदैब सक्रिय रहने प्रण गर्नुभयो।

## ग्लोबल आइएमई बैंकको सेवा खोटाङको दिक्तेलमा

ग्लोबल आइएमई बैंकले खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका -१४ बुइपामा नयाँ शाखारहित बैंकिङ सेवाको शुरुवात गरेको छ। नयाँ शाखारहित बैकिङ सेवा सञ्चालनमा ल्याएसँगै बैंकका शाखारहित बैंकिङ सेवाको संख्या २७५ पुगेको छ। शाखारहित बैंकिङ सेवाबाट देशका विभिन्न ग्रामिण क्षेत्रका स्थानीयले स्थानीय प्रतिनिधिमार्फत बैंकिङ सेवा लिन सक्नेछन्। यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, डिशहोम/सीडीएमए/यूटीएल/एनटीसीको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन्। कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेका ग्रामीण क्षेत्रका बासिन्दाले बैंकिङ सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनको लागि ग्लोबल आइएमई बैंकले शाखारहित बैंकिङ सेवा सुरु गरेको बैंकले जनाएको छ।

## बैंक अफ काठमाण्डूको काँकरभिट्टामा थप नयाँ शाखा

पछिल्लो समय बैंक अफ काठमाण्डू लिमिटेडले शाखा विस्तारमा तिव्रता दिएको छ। बैंकलेको मेचीनगर नगरपालिका वडा नं. ०६, काँकरभिट्टामा शाखा विस्तार गरेको छ। शाखाको एक समारोहकाबीच मेचीनगर नगरपालिकाका मेयर बिमल आचार्य र बैंकका संचालक विजयकुमार श्रेष्ठले संयुक्त रुपमा



औपचारिक समुद्घाटन गर्नुभएको छ। समारोहमा मेचीनगर नगरपालिकाका नगर उप-प्रमुख मिना पोखरेल उप्रेती, मेचीनगर नगरपालिका वडा नं. ०६ का वडा अध्यक्ष ललितबहादुर तामाङ, मेची उद्योग वाणिज्य संघ, धुलाबारीका अध्यक्ष ऋषीराज तिम्सीनाले बैंकको काँकरभिट्टा शाखा कार्यालयको प्रगतिको शुभकामना व्यक्त गर्नुभयो। औपचारिक कार्यक्रममा बैंकका संचालक विजयकुमार श्रेष्ठले ग्राहकहरूको उच्चतम लाभलाई मध्यनजर गर्दै समय सुहाउँदो आवश्यक प्रविधिगत सेवाहरु उपलब्ध गराई उत्कृष्ट बैंकिङ्ग सेवा उपलब्ध गराउँदै जानेमा बैंक प्रतिबद्ध रहेको जानकारी दिनुभयो।

मेचीनगर नगरपालिकाका नगर प्रमुख बिमल आचार्यले उक्त कार्यक्रममा बैंक अफ काठमाण्डू लिमिटेडलाई काँकरभिट्टामा स्वागत गर्नुको साथै स्थानीयहरुको आवश्यकतालाई ध्यानमा राखी बैंकले सेवा प्रदानगर्ने विश्वास नगरपालिकाले लिएको जानकारी दिनुभयो। बैंक अफ काठमाण्डू लिमिटेडले ९७ शाखा कार्यालयहरु, ८७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ। बैंकको अगामी दिनहरुमा सम्भावित क्षेत्रमा आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा उपलब्ध गराउने अभिप्रायले थप शाखाहरु संचालन गर्ने योजना अगाडि बढाएको छ।

## नेपाल फाईनान्सको २८ औं वार्षिक साधाणसभा

२०४९ सालमा स्थापना भएको नीजि क्षेत्रको पहिलो फाइनान्स कम्पनी नेपाल फाईनान्स लिमिटेडको २९ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाको वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको हो। साधारण सभामा आगामी ४ बर्षका लागि संस्थापक समूहबाट ४ जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ (एक) जना संचालक निर्विरोध निर्वाचित हुनुभएको छ। संस्थापक समूहबाट निर्वाचित संचालकहरुमा हिरेन्द्रमान प्रधान, दिप्रश शाक्य,




राजन प्रजापति, विकेश शाक्य र सर्वसाधारणको तर्फबाट संचालक लक्ष्मी महर्जन निर्वाचित हुनुभएको छ। सभाले गत आर्थिक वर्ष २०७७/७८ को बार्षिक वित्तीय विवरणहरु पारित गर्नुका साथै बिशेष प्रस्ताव अन्तर्गत अन्य बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने एवम् प्राप्ति गर्ने कार्यको लागि संचालक समितिलाई अख्तियारी प्रदान गरेको छ। संस्थाका संचालक समितिका अध्यक्ष हिरेन्द्रमान प्रधानको अध्यक्षतामा सम्पन्न भएको साधारण सभामा संचालक दिप्रश शाक्यले स्वागत मन्तब्य राखेका थिए। संस्थाका प्रमुख कार्यकारी अधिकृत उद्धवराज थपलियाले हालसम्मको प्रगती विवरणहरुको बारेमा प्रकाश पार्नुभएको थियो। संस्थाका हाल देशका विभिन्न स्थानहरुमा रहेका १० वटा शाखा कार्यालय र काठमाण्डौको कालीमाटी र कान्तिपथ एक्सेन्टेन्सन काउण्टर मार्फत अत्याधुनिक वित्तीय सेवाहरु जस्तैः मोवाइल बैकिङ्ग, कनेक्ट आईपीएस, आईपीएस, आरटीजीएस, एटीएम, कर्पोरेट पे आदिबाट आफ्ना सेवाहरु प्रदान गर्दै आइरहेको छ भने संस्थाको कर्मठ तथा ईमान्दार कर्मचारीहरुलाई विभिन्न समयमा तालिम गोष्ठिको व्यवस्थापन गरी क्षमता अभिवृद्धि गरिँदै लगिएको जनाएको छ।

## मेगा बैंकको कामु सीईओमा श्रेष्ठ नियुक्त

मेगा बैंक नेपालको कायम मुकायम प्रमुख कार्यकारी अधिकृतमा रविना देशराज श्रेष्ठ नियुक्त भएकी छन्। नायब प्रमुख कार्यकारी अधिकृत श्रेष्ठलाई



मेगा बैंक सञ्चालक समितिले २ वैशाखदेखि लागू हुने गरी बैंकको कायम मुकायम प्रमुख कार्यकारी अधिकृत (कामु सीईओ)मा नियुक्त गरेको हो। विगत ३१ वर्षदेखि नेपालको बैंकिङ सेवामा समर्पित श्रेष्ठ मेगा बैंकको स्थापना कालदेखि नै उच्च व्यवस्थापन तहमा कार्यरत रहेकी छन्।

मेगा बैंकको स्थापनादेखि नै नायव महाप्रबन्धकमा प्रवेश गरी महाप्रबन्धक, नायव प्रमुख कार्यकारी अधिकृत हुँदै निजी क्षेत्रको राष्ट्रियस्तरको वाणिज्य बैंकको पहिलो महिला प्रमुख कार्यकारी अधिकृत कार्यकाल अनुपमा खुञ्जेलीको सिइओको कार्यकाल १ वैशाखदेखि समाप्त भएकाले बैंककी नायब प्रमुख कार्यकारी अधिकृत श्रेष्ठलाई कामु प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरिएको हो। ३१ वर्षको बैंकिङ सेवामा ४ वर्ष प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारीसहित मेगा बैंकमा १२ वर्ष भन्दा बढी अवधि सेवा गरेकी खुञ्जेलीलाई यस बैंकको उन्नति, प्रगति तथा श्रीवृद्धिमा पु-याएको योगदानको प्रशंसा गर्दै विशेष धन्यवाद दिने र उनको उज्ज्वल भविष्यको कामना गर्ने निर्णय समेत बैंक सञ्चालक समितिले गरेको बैंकका प्रमुख सूचना अधिकारी तुल्सीराम पोखरेलले जानकारी दिए।

# अर्थ संसार

## नयाँ वर्षको अवसरमा इसेवामनि ट्रान्स्फरले ल्यायो रेमिटोत्सव योजना

विश्वभरका दुई सय बढी मुलुकबाट नेपालमा डिजिटल माध्यमबाट रेमिट्यान्स भित्राउँदै आएको इसेवामनी ट्रान्सफरले नेपालीको नयाँ वर्ष २०७९को अवसरमा रेमिट्यान्सको उत्सव रेमिटोत्सव सार्वजनिक गरेको छ।

यो योजना वैशाख १ गतेदेखि सुरु भइ साउन ४ गतेसम्म १४ हप्ता सञ्चालन हुनेछ। रेमिटोत्सवमा दैनिक १ जनाले ५,००० तथा योजनाको अन्त्यमा बम्पर उपहार विजेताले ५०,००० को उपहार प्राप्तगर्नु हुनेछ।

यस योजना आन्तरिक तथा बाह्य रेमिट्यान्स कारोबार दुवैमा लागु हुनेछ। जसअन्तर्गत विदेशबाट इसेवामनी ट्रान्सफरमार्फत नेपालमा रेमिट्यान्स पठाउने तथा नेपालभरी आन्तरिक रेमिट्यान्स पठाउने व्यक्ति पनि विजेताको हकदार बन्न सक्नेछन्। यो योजना क्यास, बैंक र वालेट ३ वटै माध्यममा रेमिट्यान्स पठाउनेको लागि लागु हुनेछ। त्यस्तै, विजेता स्वयम् उपस्थित हुन् नसकेको खण्डमा रेमिट्यान्स पठाएको व्यक्ति अथवा मनोनीत व्यक्तिले उपहार दावी गर्न सकिनेछ।

दैनिक विजेता हरेक हप्ताको अन्त्यमा इसेवामनी ट्रान्सफरको फेसबुक




पेजबाट प्रत्यक्ष प्रसारण गरिनेछ भने इसेवामनी ट्रान्सफरको फेसबुक, इन्स्टाग्राम पेज र भाइबर कम्युनिटि मार्फत समेत सार्वजनिक गरिनेछ।

रेमिटोत्सव योजनाबारे इसेवामनी ट्रान्सफरका जनरल म्यानेजर सागर खनालले भन्नुभयो, इसेवामनी ट्रान्सफरले नयाँ वर्षको अवसर पारि देश तथा विदेशमा रहेका नेपालीहरुबीच खुशी साटासाट गर्न रेमिटोत्सवलिएर आएको हो। यस योजनामार्फत, हामीले घट्दो क्रममा रहेको वैदेशिक मुद्राको भरपाई गर्न बैधानिक रुपमा रेमिट्यान्स भित्राउँदै, समग्र रेमिट्यान्स क्षेत्रमा टेवापुर्याउने र यस माध्यमबाट देशको आर्थिक अवस्थालाई समेत सुधार उन्मुख बनाउन मद्दत पुर्याउने लक्ष्यलिएका छौं।

इसेवामनी ट्रान्सफरले परम्परागत शैलितथा डिजिटल माध्यमबाट इसेवावालेट प्रयोगकर्ताहरुको र ६० भन्दा बढी बैक खातामा विप्रेषण रकम भित्राउँदै आएको छ। इसेवामनि ट्रान्सफरले आफ्ना सेवाग्राहीहरुलाई १८ हजारभन्दा बढी एजेण्ट/नेटवर्क मार्फत पनि विप्रेषण भुक्तानी सेवा प्रदान गर्दै आइरहेको छ।

सन् २०१९ मा नेपाल राष्ट्र बैंकबाट स्विकृति प्राप्त ईसेवामनी ट्रान्सफर, देशभरका एक करोड दशलाखभन्दा बढी जनसंख्या र एक लाख बढी संस्थाहरुलाई फिनटेकमा आधारित भक्तानी सेवाहरुको माध्यमबाट सशक्त बनाउँदै आएको एफवान सफ्ट ग्रुपको भगिनी कम्पनी पनि हो।

## सेञ्चुरी बैंकको शताब्दी बचत खाता

सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले नयाँ वर्ष २०७९ को शुभअवसरमा बचतकर्ताहरुको हितलाई ध्यानमा राखेर शताब्दी बचत खाता संचालनमा ल्याएको छ। शताब्दी बचत खातामा ग्राहकहरुले वार्षिक ८.०३ प्रतिशतको उच्च व्याजदरका साथ साथै ७ लाखरुपैयाँ सम्मको निःशुल्क बीमा सुविधा

CENTURY BANK

प्राप्त गर्न सक्नेछन। यस खातामा १ लाखसम्मको स्वास्थ्य बीमा, रु १ लाखसम्मको विभिन्न १८ घातक रोगको बीमा र ५ लाख सम्मको दुर्घटना बीमाको व्यवस्था रहेको छ। शताब्दी बचतखाता खोल्दा ग्राहकहरुलाइमोबाइल बैंकिंग, इन्टरनेट बैंकिङ्ग, भिषा डेबिट कार्ड, लकर सेवा,डिम्याट खाता र मेरो शेयर निःशुल्क प्रदान गरिने छ। साथैं शताब्दी खाता खोल्दा ग्राहकहरुलाई बैंकको केन्द्रीय कार्यालयमा प्रिभिलेज काउन्टरको व्यवस्था र शाखाहरुमा विशेष प्राथमिकता साथ सेवा प्रदान गरिनेछ। यो खाता बैंकका सर्म्पूण शाखाहरुबाट खोल्न सकिनेछ। आधुनिक प्रविधिको माध्यमबाट देशका दुर्गम तथा शहरी क्षेत्रमा सरल बैंकिग सेवा प्रदान गर्दै आएको सेञ्चुरी बैंकले आफ्ना १२९ शाखा १० एक्सटेन्सन काउन्टर, २४ शाखारहित बैंकिङ्ग र ११३ एटिएममार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ। थप जानकारीका लागि बैंकको वेबसाइट www.centurybank.com.np तथा बैंकका शाखा कार्यालयहरुमा सम्पर्क राख्न अनुरोध छ।

# समाजवादी मोडेलमा हाम्रो विकास

**डा. गोविन्दराज पोखरेल**

संयुक्त गर्नु वा समानरूपमा पहुँच पुऱ्याउनु भन्ने ल्याटिन शब्द कयअष्भचभ बाट ‘समाजवाद’ प्राप्त भएको हो । मानव विकासका क्रममा समाजमा आइपर्ने आर्थिक, सामाजिक र राजनीतिक समस्यालाई सम्बोधन गर्न ईशापूर्वदेखि नै धेरै दार्शनिक र राजनीतिक व्यक्तिका विचारहरू आएका थिए । सत्रौं शताब्दीमा जब औद्योगिक क्रान्ति शुरू भयो र मानिसहरू कृषिबाट उद्योग, व्यापार र अन्य क्षेत्रतिर जान लागेपछि परिवर्तित जीवनशैली र परिवेशमा थुप्रै सामाजिक आन्दोलन र विचारका बहस चलाइए । मार्क्सको हिंसालाई प्रोत्साहन गर्ने बाटोलाई नकार्दै बेलायतको फेबियन सोसाइटीले सन १८८४ देखि हिंसात्मक क्रान्तिबाट होइन मानिसलाई चेतनशील बनाएर शान्तिपूर्ण माध्यमबाट (लयत तजचयगनज खष्यभिलत चभखयगितष्यल दगत तजचयगनज भखयगितष्यल) समाजलाई परिवर्तन गरी समाजवाद स्थापना गर्नुपर्छ भन्ने अभियान थाले । प्रजातान्त्रिक समाजवादमा फेबियन सोसाइटीका चिन्तकहरूबाट प्रभावित भएर बीपी कोइरालाले नेपालमा पनि विकास र चेतना बढाएर सुधारात्मक तरिकाबाट लोकतान्त्रिक समाजवाद स्थापना गर्न सकिन्छ भनेर राजनीतिक संघर्ष थालनीको नेतृत्व दिए ।

नेपाली कांग्रेसको वीरगन्ज महाधिवेशनले २०१२ सालमा प्रजातान्त्रिक पद्धतिबाट समाजवाद नै देशको राजनीतिक, सामाजिक र आर्थिक विकासको बाटो हो भन्दै समान अवसर एवं समान स्वतन्त्रता भएको नेपाल निर्माणको लक्ष्य प्रस्तुत गरेको थियो । तर यस बीचमा समाजवादका नाममा धेरै आन्दोलन, वाद र विचारका बहस भए कांग्रेस र कांग्रेस इतरका राजनीतिक दलहरूबाट । अन्ततः विसं २०७२ मा सुशील कोइरालाको नेतृत्वमा लेखिएको नेपालको संविधानले लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य लिपिबद्ध गरेको छ। यस्ले देशमा आधुनिक राजनीतिक र आर्थिक दर्शन अनुसार समाजलाई डोऱ्याउने समाजवादी आर्थिक र राजनीतिक दर्शनको नेपालमा विकल्प छैन भन्ने देखाएको छ ।

नयाँ नयाँ प्रविधिको प्रयोग र विकास, बढ्दो राजनीतिक चेतना, बदलिँदो सामाजिक संरचना, बिग्रँदो वातावरण र जैविक विविधता, मानवजातिले व्यहोरेको विपद् र विभिन्न राजनीतिक आन्दोलनहरूका कारण प्राप्त उपलब्धिहरूले गर्दा हाम्रा नेपाली दाजुभाइहरूले आगामी दिनमा स्थिर र स्पष्ट कार्यदिशासहितको अहिले परिवेशसँग लय मिलेको समाजवादको व्याख्या र प्रयोग चाहिरहेका छन् ।

आधुनिक लोकतान्त्रिक समाजवादका आयामहरूमार्फत सहभागितात्मक लोकतन्त्र र कानुनी शासनको व्यवस्था, गतिशील बजारसहितको अर्थतन्त्र जसले विभिन्न नीतिगत औजारहरूको प्रयोग गरी पुँजीको उत्पादन गर्छ र सन्तुलित सामाजिक सुरक्षामार्फत आधारभूत आवश्यकता सबैलाई पुऱ्याउन पहल गरिएको हुन्छ । कानुनी राज्यको परिधिमा रही राज्यको भूमिका, दायित्व र सीमा बुझेर समाज, सरकार र निजी क्षेत्रका बीचमा सामन्जस्यपूर्ण सन्तुलन स्थापित गरेको हुन्छ । हाम्रो समाजवादको परिकल्पना लोकतन्त्रमा समन्यायिक र समावेशी समुन्नतिको आधारमा बनाइएको छ। स्पष्ट छ, पुँजीको विकास गर्न बजार अर्थतन्त्रको विकल्प छैन । तर हामीलाई थाहा छ, यही बजार र समावेशी लोकतन्त्रमा पिछडिएको वर्ग, समूह र दिगो पर्यावरणलाई आर्थिक समुन्नतिको यात्रामा सँगसँगै लैजानु पर्छ ।

अहिलेको अर्थराजनीतिको मुख्य चुनौती भनेको दिगो आर्थिक वृद्धि गरी पुँजीको विकास गर्ने र समाजमा रहेको असमानता घटाउने हो । समाजवादका लागि आर्थिक दृष्टिकोणबाट दुई कार्य गर्नु जरूरी छ । पहिलो हो, देशमा अधिकभन्दा अधिक आर्थिक गतिविधि बढाई आर्थिक वृद्धि हासिल गर्दै व्यक्ति, समाज र राष्ट्रको पुंजी बढाउने जसका लागि समाजका उद्यमशील र सिर्जनशील मानिसहरूलाई नीति र संरचना बनाएर स्वतन्त्ररूपमा क्षमता सदुपयोग गर्न दिने र दोस्रो, समाजमा धनी एवं गरिबको आय र अवसर एवं सुविधामा पहुँचबीचको खाडल कम गरी सबैलाई मर्यादित र सुखी जीवनयापनको माहोल सृजना गर्ने । आर्थिक वृद्धि गर्नका लागि नीतिगत सुधार गरी पूर्वाधारको विकास, सुशासन, संरचना र कम गर्दै दिगो पूर्वाधारको विकास, नीतिगत सुधार गरी योजना कार्यान्वयनका लागि संरचना निर्माण र क्षमता बढाउने र सामाजिक सुरक्षा लगायतका जनताको आधारभूत सेवालाई सबैको पहुँचमा पुऱ्याउने हो ।

पुँजीको विकास गर्न प्रयोग हाल भएका नीति, नियम, प्रक्रिया र तरिका समेत अहिले पछि भएका बसाइँसराइ, वैदेशिक रोजगार र शिक्षाले सामाजिक संरचनामा ल्याएको परिवर्तन, प्रविधिको विकास विस्तार र प्रयोग, र विश्वव्यापीकरणले गर्दा धेरै असान्दर्भिक भइसकेका छन् । त्यसैले लोकतान्त्रिक समाजवादतर्फ लम्कन अब हाम्रो नीति तथा कार्यक्रमहरू देशको स्रोत, प्रत्येक वर्ष बजारमा आउने लाखौं जनशक्ति, विप्रेषण आयमा आधारित हाम्रो अर्थतन्त्र, क्षेत्रीय रूपमा भइरहेको

> **नेपालको अर्थराजनीतिक परिवेशमा समाजवादका साध्यहरू उपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य, सम्मानित रोजगारी एवं स्वरोजगारीका अवसर र मर्यादित एवं सुखी जीवनयापन हुनुपर्छ । समाजको समृद्धिका उक्त साध्यहरू प्राप्त गर्न मुख्यतया साधनहरूः उपयोगी शिक्षा र सीपमा र आधारभूत स्वास्थ्य सेवामा पहुँच, आर्थिक वृद्धि, पूर्वाधार विकास, विकासको वितरण, पर्यावरणीय सन्तुलन र आर्थिक सुशासन लगायत हुन् । समाजवादी राज्यले आ□ना नागरिकको शिक्षा, स्वास्थ्य, क्षमता अभिवृद्धि, अवसरहरूको निर्माण र सार्वजनिक यातायात जस्ता सामाजिक पूर्वाधारमा लगानीको जिम्मा लिएको हुन्छ । यी सबैलाई व्यवस्थित गर्न र विकास गर्न कानुनहरू बनाइएको हुन्छ ।**

जनशक्तिको क्षमता विकास अति आवश्यक छन् । राजनीति र सामाजिकरूपमा स्थिरता आर्थिक विकासका लागि नभै हुँदैन ।

त्यसैगरी रोजगारी र स्वरोजगारीका अवसरहरूमा सबैको सहज पहुँच, साना तथा मझौला उद्योगलाई प्रवर्धन एवं प्रोत्साहन गर्ने, सामाजिक सुरक्षा र बीमा अनिवार्य गर्ने नीतिगत व्यवस्था भएमा समाजमा रहेको असमानताको खाडल कम हुनेछ । नेपाली अर्थतन्त्रलाई दरिलो र बलियो बनाई थुप्रै रोजगारीका अवसर सिर्जना गर्ने स्वदेशी साना तथा मझौला उद्योगहरूलाई पनि प्रवर्धन गर्न आवश्यक नीति, पूर्वाधार सुधार र बजारमा पहुँचको सहजीकरण सँगसँगै गरिनु पर्दछ समाजमा भएको खाडल कम गर्नका लागि ।

नेपालको अर्थराजनीतिक परिवेशमा समाजवादका साध्यहरू उपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य, सम्मानित रोजगारी एवं स्वरोजगारीका अवसर र मर्यादित एवं सुखी जीवनयापन हुनुपर्छ । समाजको समृद्धिका उक्त साध्यहरू प्राप्त गर्न मुख्यतया साधनहरू: उपयोगी शिक्षा र सीपमा र आधारभूत स्वास्थ्य सेवामा पहुँच, आर्थिक वृद्धि, पूर्वाधार विकास, विकासको वितरण, पर्यावरणीय सन्तुलन र आर्थिक सुशासन लगायत हुन् । समाजवादी राज्यले आफ्ना नागरिकको शिक्षा, स्वास्थ्य, क्षमता अभिवृद्धि, अवसरहरूको निर्माण र सार्वजनिक यातायात जस्ता सामाजिक पूर्वाधारमा लगानीको जिम्मा लिएको हुन्छ । यी सबैलाई व्यवस्थित गर्न र विकास गर्न कानुनहरू बनाइएको हुन्छ । ती कानुनहरूको परिधिमा रही सरकारको सहजीकरणमा उत्पादन र वितरणको मुख्य कार्यको जिम्मा निजी क्षेत्रलाई या निजी(सरकारी साझेदारीलाई दिनुपर्छ ।

नेपालमा युवाको ठूलो संख्या छ । आज युवाहरूको चाहना र विकासको गतिमा सामन्जस्यता ल्याउनुपर्ने ठूलो चुनौती छ । नेपालका मुख्य समस्या भनेको व्यापकरूपमा युवाहरूलाई उनीहरूले इच्छाएको र बजारले मागेको सीप र क्षमता विकासको अवसर दिलाई रोजगारी र स्वरोजगारीका अवसर सृजना गर्ने, सरकारी र निजी लगानीमार्फत आर्थिक गतिविधि बढाएर आर्थिक वृद्धि हासिल गर्ने, विपद्लाई व्यापार र विकासका सन्दर्भ एवं जलवायु परिवर्तन र त्यसले निम्त्याएको विपत्लाई मनन गरी बनाउनु पर्दछ ।

सर्वप्रथम त हामीले हाम्रा उद्यमशीलता प्रवर्धन गर्ने संरचना र समाजको निजी क्षेत्र, लगानी र नाफा सम्बन्धी सोच बदल्नु पर्दछ । खुल्ला बजार अर्थतन्त्रमा हरेक उद्यमीहरू आफ्नो सिर्जनशीलतालाई समाजको सम्पत्तिमा रूपान्तरण गर्ने सामाजिक अभियन्ता हुन भनेर सम्मान गर्न नेपालीले सिक्नुपर्दछ । उपयुक्त ठाउँमा हाम्रा आधारभूत शिक्षादेखि माथिल्लो तहसम्म लगानी, सुशासन र उद्यमशीलता प्रवर्धन गर्ने खालको सोच विकास गर्ने गरी हाम्रा पाठ्यक्रम पनि परिवर्तन गर्नु पर्दछ ।

राज्यले निजी क्षेत्रले कुनकुन नयाँ क्षेत्रमा लगानी गर्न सक्छन् ? उनीहरूसँग के कस्ता नवप्रवर्तनात्मक सोचहरू छन् भनेर पहिचान गरी सहजीकरण गर्नुपर्छ । निजी क्षेत्रलाई अत्यन्तै राम्रा र सम्भावना भएका क्षेत्रमा लगानी गर्न प्रेरित गर्नु पर्दछ । निजी(सरकारी साझेदारीमा गर्न सकिने सम्भावना भएका क्षेत्र पूर्वाधार, पर्यटन, शिक्षा, स्वास्थ्य, आदिमा कानुनतः स्पष्ट मोडालिटी विकास गरिनु पर्छ ।

साथै सरकारी संस्था र संयन्त्रलाई दक्ष बनाउने खाँचो पनि अहिले नै परेको छ । अहिलेसम्म विकास खर्च गर्न सक्ने गरी हाम्रो कर्मचारी र संयन्त्रको क्षमता अभिवृद्धि गरेनौं । विकास खर्चलाई चलाउने इन्जिन कर्मचारीतन्त्रको क्षमतामा सुधार र प्रोत्साहनका कार्यक्रम ल्याउनु पर्छ । हाम्रा सरकारी संरचनाको क्षमता वृद्धि गर्दै जानुपर्छ ।

नेपाली युवाहरूको आधुनिक सूचना प्रविधि प्रयोग गर्ने उत्सुकतालाई उपयोग गरी हामीले उनीहरूका सिर्जनशील उत्पादनमार्फत सुशासन बढाउन सक्छौं । लगानी र सेवालाई सहजीकरण गर्न सक्छौं । लगानीको लागि चाहिने स्थिरता र सुरक्षित वातावरण, व्यवसाय गर्न स्थानीय साधन र स्रोतको नीतिगत स्पष्टता र राम्रो सामाजिक सद्भावको माहोल सबै तहका सरकारले सरकारले गराइदिनु पर्दछ । कडा परिश्रम, लगानी, सिर्जना र कल्पना एवं जोखिम मोलेर अर्थतन्त्रलाई विकास गर्नेलाई पुरस्कृत गर्ने संस्कारलाई प्रवर्धन गर्नु पर्दछ ।

ग्रामीण क्षेत्रमा युवाहरूलाई मासिक ३(५ सय डलरसम्मको आम्दानी गर्न सक्ने नीति योजना र नीतिगत औजारका प्याकेजहरू जस्तै क्षमता वृद्धि, बजारको पहुँचमा सहजीकरण, बीमा, आवश्यक पूर्वाधारको विकास, उत्पादनमा आधारित अनुदान आदि ल्याउनुपर्छ । उद्यमीहरूलाई सन्तुलित अनुदान र अत्याधुनिक प्रविधि दिन सक्नुपर्छ । अब आयातीत वस्तुको जति सक्दो स्थानीय उत्पादनले प्रतिस्पर्धामा प्रतिस्थापन गराई स्थानीय उत्पादन क्षमता र माहोल बढाएमा वा हाम्रो उत्पादन निर्यात बढाएमा कर राजस्वमार्फत पुँजी संकलनको अवस्था कायमै रहने छ । नेपालले प्रगति गर्न सक्ने भनेको ज्ञानवर्धक अर्थतन्त्र ( पलयधभिमनभ दबकभम भअयलयфथ) हो । यस्तो उद्योग नेपालजस्तो अप्ठ्यारो भौगोलिक अवस्था भएको देशका लागि निकै फलदायी छ ।

हाम्रो कूटनीतिले पनि अर्थ कूटनीतिमा बढी ध्यान दिनुपर्ने हुन्छ । छिमेकीको विकासको रफ्तारमा हामीले नेपाललाई जोड्नु पर्छ । भारत र अन्य छिमेकीहरूसँग तुलनात्मक रूपमा कम प्रतिस्पर्धा भएका क्षेत्र जस्तैः जैविक कृषि, नवीकरणीय (जल र सौर्य) ऊर्जा, र भू-बनोटमा आधारित रमणीय पर्यटन क्षेत्रमा प्रविधिको प्रयोग, व्यापक ठूलाठूला लगानी, आधारभूत पूर्वाधारको विकास र प्रचारप्रसारका माध्यमहरू प्रयोग गरेमा साना तथा मझौला उद्योगहरू फस्टाउने छन् । विदेशी लगानीले ठूला उद्योग र व्यापार फस्टाउन सहयोग गर्दछ भने व्यवस्थापकीय सीप, ज्ञान, प्रविधि र बाहिरको बजारमा पहुँचको फाइदा पनि लिएर आउँछ भन्ने कुरा झन् महत्वपूर्ण छ। नेपालीको सीप विकास गरेर पनि अन्तरराष्ट्रिय बजारमा हाम्रो मध्यम र उच्च स्तरको जनशक्तिको पनि खपत गर्न सकिन्छ । जुन देशका नागरिक शिक्षित र व्यावसायिक सीपले भरिपूर्ण हुन्छन्, त्यस्ता देशले नीतिगत सहजीकरण गरे मात्र पनि विकासका दृष्टिकोणले प्रगति गरेका छन् र आर्थिक संकट सजिलै सम्बोधन गर्न सक्षम भएका छन् ।

***डा. पोखरेल नेपाली नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुन् । रिपोर्टर्स नेपाल***

हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

डोलराज खनाल
अध्यक्ष
सार्वजानिक यातायात केन्द्रीय महासंघ (परिवार)

# खेलकुद

## तेक्वान्दो खेलाडीको बिदाइ, नोर्बु सहायक प्रशिक्षकको भूमिकामा

काठमाडौं । दक्षिण कोरियामा ८ वैशाखदेखि १९ सम्म हुने वर्ल्ड पुम्से च्याम्पियनसिपमा नेपालका पाँच खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । त्यसका लागि खेलाडी तथा प्रशिक्षक कोरिया प्रस्थान गरेका छन् । च्याम्पियनसिपमा पुरुष ५० वर्षमुनिको समूहमा रोशन खान, ४० वर्षमुनि समूहमा कमल श्रेष्ठ,



३० वर्षमुनिको समूहमा प्रेमबहादुर लिम्बू र पार्वती गुरुङ तथा जुनियरको १७ वर्षमुनिको समूहमा अब्बास अन्सारीले प्रतिस्पर्धा गर्ने छन् । च्याम्पियनसिपमा सहभागी हुन लागेका कमल र पार्वती १३औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता हुन् । च्याम्पियनसिपमा स्वर्ण जितेमा एक लाख ५० हजार, रजत पदक जितेमा एक लाख र कांस्य पदक जितेमा ५० हजार नगद पुरस्कार प्रदान गरिने छ ।

त्यस्तै, यसै प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै नोर्बु लामा पनि दक्षिण कोरिया प्रस्थान गर्ने भएका छन् । नोर्बुले पुम्से विधामा सहायक प्रशिक्षकको भूमिका निर्वाह गर्ने भएका हुन् । नोर्बुले सन् २०२०, २०२१ र २०२२ मा एसियाली खुला, २०२२ मा विश्व तेक्वान्दो मुजु प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसकेका छन् । उनले अनलाइन प्रतियोगितामा पनि निर्णायकको भूमिका निर्वाह गरि सकेका छन् ।

## गणेमान सिंह बक्सिङ मंगलबारदेखि सुरु हुने

काठमाडौं । नेता गणेशमान सिंहको स्मृतिमा आयोजना हुने राष्ट्रिय बक्सिङ प्रतियोगिता मंगलबारदेखि काठमाडौंमा सुरु हुने भएको छ । वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीको आयोजनामा हुने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोलीको सहभागिता रहने छ । प्रतियोगिता काठमाडौंको बसन्तपुर डबलीमा शनिबारसम्म सञ्चालन हुने प्रतियोगिता संयोजक राजीव श्रेष्ठले जानकारी दिए । ‘प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ । सातै प्रदेशका




खेलाडी, प्रशिक्षक र टिम व्यवस्थापक काठमाडौं आइसकेका छन्’, उनले भने । प्रतियोगितामा पुरुषतर्फ ४८, ५७, ६३, ६९, ७५, ८१, ९१ केजी गरी सात वटा तौल समूहमा प्रतिस्पर्धा हुनेछ । यसैगरी महिलातर्फ ४८, ५४–५७, ६०, ६४–६९, ६९–७५ केजी गरी पाँच वटा तौल समूहमा प्रतिस्पर्धा हुने छ । प्रतियोगितामा प्रदेश १ बाट सात पुरुष/चार महिला, मधेश प्रदेशबाट सात पुरुष/पाँच महिला, बागमती प्रदेशबाट सात पुरुष/तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । यसैगरी गण्डकी प्रदेशबाट सात पुरुष/तीन महिला, लुम्बिनी प्रदेशबाट ६ पुरुष/चार महिला, कर्णाली प्रदेशबाट ६ पुरुष/४ महिला सहभागी हुने छन् । यस्तै विभागीय टोली त्रिभुवन आर्मी क्लबबाट सात पुरुष/पाँच महिला, एपीएफबाट सात पुरुष/५ महिला र नेपाल पुलिस क्लबबाट चार पुरुष/२ महिला खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगितामा ६५ पुरुष र ३७ महिला गरी १०२ जना खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगिताका हरेक तौल समूहका विजेताले २५ हजार रुपैयाँ नगद पुरस्कार पाउने छन् । दोस्रो हुनेले १५ हजार र तेस्रो स्थान हात पार्ने दुई खेलाडीले जनही सात हजार पाँच सय रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगितामा उत्कृष्ट पुरुष खेलाडीलाई मोटरसाइकल र उत्कृष्ट महिला खेलाडीलाई स्कुटर प्रदान गरिने प्रतियोगिता संयोजक राजीव श्रेष्ठले जानकारी दिए ।

## एनएसएलको लागि नयाँ मिति प्रस्ताव

काठमाडौं । फ्रेन्चाइज फुटबल लिग नेपाल सुपर लिग (एनएसएल) को आयोजनाका लागि आयोजक नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्ट ( एनएसईएम) ले अखिल नेपाल फुटबल संघ (एन्फा) सामु नयाँ मिति प्रस्ताव गरेको छ । यसअघि चैत अन्तिमबाट दोस्रो संस्करणको एनएसएल आयोजना गर्ने तयारी भए पनि ए डिभिजन क्लब र एनएसएल आयोजकबीच विवाद हुँदा तोकिएको समयमा हुन सकेन ।

## फुटुङ्गको...

यातायात सञ्चालनबारे २०५० को दशकपछि भएका परिवर्तन तथा निजी घर र आवासमा भएको वृद्धि र शहरीकरणको घटनाक्रमको व्याख्या गरिएको छ । पहिला छुट्टै गाउँ विकास समिति भएकोमा संघीय प्रणाली लागू भएपछि अहिले तारकेश्वर नगरपालिकामा परेको फुटुङ्गको स्थानीय विकास, कला संस्कृति र शैक्षिक-सामाजिक क्षेत्रमा योगदान गरेका व्यक्तिहरुको परिचय र कथालाई पुस्तकमा उतारिएको छ ।

भौतिक पूर्वाधारमा अघि बढेपनि समग्र विकासका लागि गर्नुपर्ने १७ वटा कामको सूचि राखेर पुस्तकलाई सामाजिक विकासको दृष्टिले महत्व दिन खोजिएको छ । स्थानीय चुनावको सर्न्दभमा आएको यस्तो सूचिले दलहरुलाई आफ्नो विकासको एजेण्डा बनाउनमा सहयोगी हुने विश्वास लेखक श्रीराम फुटुङ्गेको छ ।

विमोचन कार्यक्रममा फुटुङ्ग एवम् तारकेश्वरका बौद्धिक वर्ग लगायत, साहित्यकार लेखक, विकास प्रेमी तथा राजनैतिक दलका प्रतिनिधि एवम् संचारकर्मी गरी करिब १ सय ५० जना व्यक्तित्वको सहभागिता थियो । पुस्तक विमोचनका अवसरमा पुस्तकमा चर्चा गरिएका स्थानीय समुदायको परम्परागत बाजा तथा लोक भजनको समेत प्रस्तुति थियो । फुटुङ्गमा गरिएको पुस्तक विमोचन यो पहिलो हो ।

## बसन्त.....

बर्षसम्म राजनीतिक अस्थिरतका कारण राष्ट्रिय अन्तराष्ट्रियस्रमा नेपाल देशमा घुम्न आउने पर्याटकहरुमा राजनीतिक अस्थिरता भएपनि देशमा आउने पर्याटकहरुमा शान्ति सुव्यस्था छ भन्ने विश्वसनीयता देशले बनाउन सकेन । त्यही समयमा २०७२ साल बैशाख १२ गते सनिवार आएको महा भुकम्पले नेपाललाई मनवीय क्षति पुऱ्याउनको साथै थप विपत्त सृर्जना गरेको थियो ।

त्यसैको लगतै २०७२ असोज ३ गते नेपालमा नयाँ संविधान जारी गरेर राजनीतिक रुपमा देखिएको अन्यौलता अन्त्य भएपनि त्यसको लगतै भारतीय नाकावन्दीले २०७२ सालमा नै झण्डै ८ महिनाको अर्को समस्या खडा गरेको थियो ।

यि समयहरुमा नेपलमा पर्याटकहरुको आगमन निक्कै कम भयर गएको थियो । नयाँ संविधन जारी भइसकेपछि नयाँ संविधान अनुसार २०७४ सालमा पहिलो पटक संघ/प्रदेश/स्थनीय निर्वाचन भएको थियो । त्यसपछि बनेको स्थानीय सरकारहरुले अ-आफ्ना पालिकाहरुमा पर्याटनको लागि विकासका कामहरु जति हुनुपर्ने हो त्यो भइराखेको थियन । नभन्दै परिणामहरु केही नआएको वेला २०७६ साल चैत्र ११ गतेवाट नेपालमा लकडाउनको श्रृखंला शुरु भयो नेपालका स्थानीय तहहरुलाई वाहना बनाउन सजिलो त्यो भन्दा उत्तम उपाय अरु के नै चाहिन्थ्यो र, त्यतिवेलासम्म विश्वका धनि राष्ट्रहरुमा मानिसको हताहती निक्कै बढेको हुनाले ति देशका मानिसहरु धुम्न निस्कन डराउन थाले मानिसहरुमा प्राकृतिकको आनन्द लिदै मनोरम दृष्यम रमाउने चलनमा त्यस २०७६ को लकडाउन पनि मनोवैज्ञानिक असर परेको थियो त्यो अहिलेसम्म परिरहेको छ ।

नेपालको पर्यटन क्षेत्रलाई विकास गर्न गर्नैपर्ने कामहरु स्थनीयको ठाउँवाट स्थानीयले पर्याटकहरुको लागि नेपाली परिकारको मौलिकतालाई कायम राखेर अपनाउनु पर्ने आधुनिकता अर्थात सफा सुघर ति स्थानीयले गरेका प्रगतिहरुलाई प्रोत्साहन पुग्नेगरी गर्नुपर्ने स्थानीय सरकारको आकर्षणयुक्त कार्यक्रम तिनै स्थानीय निकाय र स्थानीय जनताको प्रगतिको अनुभवलाई विश्व बजारमा पुऱ्याउन् प्रचार प्रसारको काम संघले गरेर नेपालको पर्याटन क्षेत्रलाई विकास गर्न सक्ने आधारहरु देखिन्छ ।

यस्ता सम्भावित कार्यक्रमहरुलाई मध्यनजर गरेर नेपालले आन्तारिक तथा वाहिय पर्याटकवाट बसन्त ऋतुमा मात्रै धेरैभन्दा धेरै आम्दानी गर्न सक्छ । यस्ता सम्भावना बोकेका क्षेत्रलाई विकास गरेर नेपाल देशको अर्थतन्त्र सुधार गर्ने महत्वपुर्ण ठाउँ छ । यसमा सम्बन्धित सरोकार निकायहरुको ध्यान पुगोस् र नयाँ बर्षको प्रारम्भमा नै यसको थालनी होस् ।

## चितवन......

जनाधार रहेको भन्दै आएको महानगरमा जिल्लाबाट नामावली टुङ्गो लगाउन नसके पछि सबै आकांक्षिको नाम पठाएको हो ।

चितवनको भरतपुर महानगर पालिकामा माओवादी केन्द्रकी अध्यक्षकी छोरी रेणु दाहालाई गठबन्धनले छोड्नुपर्ने बाध्यता रहेको छ । उक्त महानगरपालिका नै चितवनको मुख्य केन्द्र हो ।

तल हुने यस्ता आकाँक्षी जे भएपनि केन्द्रले गर्ने निर्णय नै अन्तिम हुने भएको हुनाले खासै अर्थ राख्दैन । त्यसकारण नेपालका थोत्रा र मक्किसकेका पार्टीहरुभन्दा नयाँ खुलेका युवाले नेतृत्व गरेका पार्टीहरुमा जनताको ध्यान पुगेमा देशले अर्थपुर्ण निकास पाउन सक्छ । यो जनताको लागि स्थानीय निर्वाचन थोत्रा पार्टीलाई पाखा लगाउने जनताको महत्वपुर्ण अवसर पनि हो ।

## सत्ता.......

जानेबारे पनि छलफल चलेको छ । नेता वर्षमान पुनले एमालेसँग तालमेल गर्न दबाब दिदै आएका छन् । तर, प्रचण्डले मानेका छैनन् ।

एमाले पनि कमल थापा र एकनाथ ढकाललाई साथमा लिएर हिडिसकेको छ । सीके राउतलाई मनाउन लागिपरेको छ । हृदयश त्रिपाठी पनि एमालेसँग नजिक छन् । सत्ता गठबन्धनभित्र कुरा मिल्न कठिन हुँदा एमाले र काँग्रेस एक्लाएक्लै चुनाव लड्ने सम्भावना पनि रहन्छ । त्यस्तो अवस्थामा माओवादी, नेकपा एस र जसपालाई ठूलो धक्का लाग्न सक्छ । यसकारण उनीहरु तालमेल गरेर वा तेस्रो विकल्पमा जान सम्म ठिक्क परेका छन् । प्रचण्डले त एमालेसँग मिल्न ढोका बन्द नभइसकेको बताएका छन् । यसलाई काँग्रेससँगको बार्गेनिङको रुपमा हेरिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) केन्द्रीय कार्यालयका इन्चार्ज पूर्व स्थायी कमिटीका सदस्य वर्षमान पुनले सत्ता गठबन्धनमा सिट बाँडफाँटको आज टुङ्गो लाग्ने बताएका छन् ।

गण्डकी प्रदेशस्तरीय भर्चुअल प्रशिक्षण कार्यक्रममा उनले आसन्न स्थानीय तह निर्वाचनमा छ महानगर र ११ उपमहानगरको सिट बाँडफाँट केन्द्रबाटै मिलाइने बताएका हुन् । दलहरूबीच आ-आफ्नो दाबी रहेकाले मिल्न समय लागे पनि सहमति जुट्ने उनको भनाइ छ ।

नेता पुनले गठबन्धनमा नगरपालिका र गाउँपालिकाको सिट बाँडफाँट पनि मिलाउने कोसिस भइरहे पनि मिल्न नसके गठबन्धनभित्रै पनि प्रतिस्पर्धा हुने जानकारी दिए । उनले भने, नगर र गाउँपालिका पनि माथिबाटै मिलाउन कोसिस गरेका छौं । नमिले गठबन्धनबाटै हामी प्रतिस्पर्धा गर्छौं, महानगरको र उपमहानगरको भने आज टुङ्गो लाग्छ ।

तल्ला तहमा सिट बाँडफाँटका लागि माथिबाट पहिला कुन दलले कति प्रतिशत लिने भनेर सङ्ख्या तय गरेर प्रदेश र जिल्ला समितिलाई मिलाउन सहजीकरण गर्न सकिने नेता पुनको भनाइ छ । नेता पुनले माओवादी केन्द्रले सरकारको नेतृत्व गर्दा गरेका कामलाई व्यवस्थितरूपमा जनस्तरमा पुऱ्याउन सूचना प्रविधिलाई क्रान्तिकारी साधनका रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

माओवादी केन्द्र केन्द्रीय प्रचार विभागका सचिव गोविन्द आचार्यले जनताले बुझ्ने गरी सरल भाषामा प्रापकलाई सुनिश्चित गरेर पाउने गरी पठाउनुपर्ने बताए । राजनीतिक, वैचारिक र नीतिगत उपलब्धिका मुद्दालाई उठाउन उनले आग्रह गरे ।

नेकपा (माओवादी केन्द्र) का नेता हरिबोल गजुरेलले गठबन्धनका लागि नेपाली कांग्रेस हदैसम्म लचिलो र उदार हुनुपर्ने बताएका छन् । गजुरेलले भने, गठबन्धनको मुख्य घटक नेपाली कांग्रेस नै हो । उसले अड्डी लिएर कहाँ गठबन्धन हुन्छ ? लचिलो त कांग्रेस नै हुनुपर्छ । कांग्रेस उदार हुनुपर्छ अनि पो गठबन्धन हुन्छ । समाजवादीले एउटा महानगर माग्नु स्वाभाविक हो । एमालेलाई हराउन उसको भूमिका प्रमुख हुन्छ । उसलाई स्पेस दिनैपर्छ । ओलीसँग टक्कर त उसले नै लिइरहेको छ ।

भरतपुर महानगरपालिका माओवादी केन्द्रले पाउनु स्वाभाविक भएको पनि उनले औंल्याए । गजुरेलले भने, नेपाली कांग्रेसभित्र जबर्जस्त घोषित गुट छ । उनीहरु आआफ्नो गुटको ठाउँ छाड्न चाहँदैनन् । तर भरतपुर हिजो पनि हामीले जितेकै हो । गठबन्धनमा समस्या आइरहन्छन् । यो प्रतिगमनविरोधी गठबन्धन हो । चुनाव जित्ने र हार्ने कुरा मात्र होइन । परिवर्तनलाई रक्षा गर्ने सन्दर्भमा हामी मिलेका हौं । मिल्दाखेरि कस्तो हुन्छ भन्ने कुरा हिजो राष्ट्रिय सभाको नतिजा उदाहरण छँदै छ नि ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले आफ्नो पार्टीले काठमाडौं महानगरपालिकाको उपमेयर मागे पनि गठबन्धन दलहरु हिचकिचाइरहेको बताएका छन् ।

केसीले भने, जहाँ आधार छ, जहाँ सम्भावना छ, त्यहाँ हामीले छाड्दैनौं । हाम्रा नाजायज माग जनताले पनि बुझ्छन् । माग न्यायपूर्ण राख्नुपर्छ । महानगरपालिकामा हामीले मेयरको दाबी गरेका छैनौं । काठमाडौंको उपमेयर माग्दा साथीहरु हिचकिचाइ रहनुभएको छ । तर हामी पद नपाए पनि रुँदै हिँड्दैनौं ।

आफ्नो पार्टी सहमति भए गठबन्धनमा नभए एक्लै लड्न पनि तयार रहेको उनले औंल्याए । केसीले थपे, पदका लागि हारालुछ छ । त्यसैकारण देशको दुर्दशा भइरहेको छ । यो राजनीतिको महारोग हो । कुनै पनि हालतमा स्थानीय तहको निर्वाचन सार्न नहुने केसीले बताए ।

उनले भने, केपी ओलीले संसद् भंग गरेपछि २०७७ पुस ५ गते गठबन्धन अभियान सुरु गरेकै राजमोले हो । शेरबहादुर देउवा त ५ वर्ष केपी ओली र प्रचण्डले रजाइँ गरुन् भनेर बसेका थिए । गठबन्धनले चुनाव सार्नैहुन्न । २०५९ मा सार्दा २० वर्ष स्थानीय चुनाव धकेलियो । मुलुकको ५ अर्ब खर्च भइसक्यो । चुनाव भएन भने लोकतन्त्रले हार्छ । सरकार षड्यन्त्रमा छ भने त्यो गलत हो । हारिन्छ भनेर चुनाव सार्न पाइन्न ।

उनले संघीयता खारेजीको माग राजमोले नछाडेको पनि स्पष्ट पारे । उनले भने, मुलुक बचाउने हो भने संघीयता खारेज हुनुपर्छ । संघीयता बोके चुनाव जितिने, नबोके हार्ने पनि होइन ।

## स्थानीय...

भण्डारीले यस अघि नै राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा सरकारको निर्णय अनुसार स्थानीय तहको लागि सेना परिचालनको लागि स्वीकृत दिइसकेकी छन् ।

## नयाँ वर्षमा रन सुजको नयाँ मोडेल रन

काठमाडौं । वर्षौंदेखि आफ्नो उत्पादन विक्रि गरेर उपभोक्ताको मन जित्न सफल रन सुज ईण्डष्ट्रिज



प्रा.लि. ले नयाँवर्ष लक्षित नयाँ २५ मोडलका जुत्ताहरु बजारमा ल्याएको छ । स्पोर्टस्मा १५ नयाँ मोडलका र पार्टी,क्याजुयल गरी २५ मोडलका जुत्ताहरु बजारमा ल्याएको हो । स्पोर्टस् शुजमा युवा लगायत सबै उमेर समूह सम्मका डिजाईनहरु रहेका छन् । स्वदेशमै उत्पादित जुत्ता चप्पलहरुको प्रयोगले हाल उत्पन्न भएको तर लता अभाव तथा स्वदेशी आत्मनिर्भरतामा समेत सहयोग पुग्ने र आम देशबासी ग्राहकहरुले स्वदेशी उत्पादनको प्रयोगमा टेवा पुर्याउने कम्पनीका अध्यक्ष रुद्र न्यौपानेले बताउनु भयो । रनका नयाँ मोडलका जुत्ताहरुमा उच्च गुणस्तरिय कच्चा पदार्थहरुको प्रयोग गरी बनाईएको, लचिलो सोलका साथै चार एम.एम. को लचकदार इनसोलको प्रयोग गरि निकै आरामदायी हुनुका साथै सर्वसुलभ मुल्य रहेको कम्पनीले जनाएको छ । रनका जुत्ताहरुमा ग्राहकहरुले ६ महिनाको वारेन्टी समेत पाउने गरेका छन । रन शुजको उपत्यका बाहिर पोखरा, बुटवल, विराटनगर, बाग्लुङ्ग, नेपालगञ्ज, अत्तरिया, धनगढी लगायत स्थानहरुमा र उपत्यका भित्र पाँच वटा आधिकारिक शोरुम सहित ७५ वटै जिल्लाहरुमा बिक्रिवितरण हुँदै आएको छ र चाडै निर्यातको तयारीमा कम्पनी लागेको अध्यक्षको भनाई रहेको छ । उद्योगले हाल ६०० भन्दा धेरै मोडलका पार्टी शुज, स्पोर्टस शुज, क्याजुअल शुज, लोफर, स्कुल/कलेज शुज तथा लेडिज र जेन्स चप्पल उत्पादन गरिरहेको कम्पनीले नेपाली नागरिकहरुलाई आफ्नै देशको उत्पादन प्रगोग गरेर सानका साथ आनन्द लिने जमर्को गरेको छ । यसै गरी हरेक क्षेत्रमा नेपालले आत्मनिर्भर बन्न पऱ्यास गर्ने हो भने नेपालीहरुको आत्मसम्मान हुनको साथै समृद्धि र सुखी नेपाली बन्न धेरै समय लाग्दैन थियो ।



# अन्तराष्ट्रिय समाचार

## रुसले परमाणु हमला गर्न सक्ने युक्रेन राष्ट्रपति जेलेन्स्कीको चेतावनी

किभ । युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनमा रसियाले आणविक आक्रमण गर्न सक्ने भएकोले यसका लागि विश्व तयार हुनुपर्ने बताए। अमेरिकी टिभी च्यानल सीएनएनलाई दिएको अन्तर्वार्तामा जेलेन्स्कीले सीआईए निर्देशकले हालै गरेको टिप्पणीप्रति आफू चिन्तित भएको बताए । सीआईए निर्देशकले बिहीबार रूसले आफ्नो आक्रमणको क्रममा रणनीतिक आणविक हतियार प्रयोग गर्न सक्ने बताएका थिए । जेलेन्स्कीले भने, 'मेरोमात्र नभएर यो कुरा विश्वका सबै देशको चिन्ताको विषय बन्न सक्छ ।



सीआईए निर्देशकले भनेको कुरा वास्तविक जानकारी नहुन सक्छ तर यो सत्य पनि हुन सक्छ ।' उनले भने, 'हामी डराउनु हुँदैन तर तयार हुनुपर्छ। यो युक्रेनको लागि मात्र प्रश्न होइन, म सारा विश्वको लागि सोच्छु ।' गत महिना, क्रेमलिनका प्रवक्ताले रूसले आफ्नो अस्तित्व खतरामा पर्दा मात्र आणविक हतियारहरूको सहारा लिने बताएका थिए । त्यस्तै रूस र युक्रेनबीच भइरहेको द्वन्द्वका क्रममा करिब ३ हजार युक्रेनी सैनिकको मृत्यु भएको छ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अहिलेसम्म २५ सयदेखि ३ हजारसम्म युक्रेनी सैनिकको मृत्यु भएको दाबी गरेका छन् । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमसँग कुराकानी गर्दै उनले १० हजारभन्दा बढी युक्रेनी राष्ट्र सेवकसमेत घाइते भएको बताएका छन् । घाइतेमध्ये कतिपयको अवस्था गम्भीर रहेको र उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको उनको भनाइ छ । मृतक तथा घाइतेहरूलाई देशको रक्षाका लागि गरेको योगदानको प्रशंसा गर्दै उनले सिंगो युक्रेन आफ्नो रक्षाका लागि प्रतिबद्ध रहेको उल्लेख गरे । युद्धमा १९ हजारदेखि २० हजार रुसी सेनाको मृत्यु भएको युक्रेनको दावी छ ।

## युक्रेनलाई हतियार नपठाउन अमेरिकालाई रुसको चेतावनी

रुसले युक्रेनलाई हतियार आपूर्ति नगर्न अमेरिका र उसका सहयोगीलाई चेतावनी दिएको छ । मस्कोले यो चेतावनी दिएको अमेरिकी मिडिया समूहहरूले अध्ययन गरेको आधिकारिक कूटनीतिक नोटमा उल्लेख छ । वाशिंगटनमा अमेरिकी विदेश विभागलाई रुसी दूतावासबाट दुई पृष्ठको कूटनीतिक नोट पठाइएको थियो। उक्त नोटमा अमेरिका र नाटोले हतियार दिएर 'युक्रेन द्वन्द्वलाई झन चर्काइरहेको' भनेर वर्णन गरिएको छ । यससँगै रुसी कूटनीतिज्ञहरूले यसको 'अप्रत्याशित परिणाम' हुन सक्ने बताएका



छन् । अमेरिकी सेनाले युक्रेनलाई नयाँ सहायता प्याकेज पठाएको मंगलबार खुलासा भएपछि यो बयान आएको हो। राष्ट्रपति बाइडेनले ८० करोड डलरको सैन्य सहायता स्वीकृत गरेका छन् । यसमा पहिलो पटक होइट्जर जस्ता लामो दुरीका क्षेप्यास्त्रहरू समावेश छन् । एक वरिष्ठ अमेरिकी प्रशासकका अनुसार रुसी चेतावनीले युक्रेनका लागि अमेरिका र नेटो सैन्य सहायता धेरै प्रभावकारी भएको देखाएको छ । हतियारको नयाँ खेपको पहिलो भाग आगामी केही दिनमा युक्रेन पुग्ने अपेक्षा गरिएको छ। साथै अहिले रुसी सेना युक्रेनको पूर्वमा भेला हुँदैछ। आगामी केही हप्तामा डोनबासको विवादित क्षेत्रमा ठूलो आक्रमण गर्ने तयारी गरिरहेको छ । युद्ध सुरु भएदेखि अमेरिकाले युक्रेनलाई करिब ३ अर्ब डलर सैन्य सहायता पठाएको छ ।

## दक्षिण अफ्रिकामा भीषण बाढी, ३०० भन्दा बढीको मृत्यु

पूर्वी दक्षिण अफ्रिकामा आएको भीषण बाढीका कारण अहिलेसम्म तीन सयभन्दा बढीको मृत्यु भएको छ । चार दिनदेखि त्यहाँ निरन्तर वर्षा भइरहेको छ । सबैभन्दा धेरै विनाश क्वाजुलु(नाताल प्रान्तको डरबन क्षेत्रमा भएको छ, जुन देशको तेस्रो धेरै जनसंख्या भएको शहर हो। यहाँ केही मानिस भाग्यले बाँचेर निस्किए पनि उनीहरुसँग अरु केही बाँकी छैन ।

हराएका मानिसको खोजी कार्य भइरहेको छ । बाढी आएको क्षेत्रमा पानी, खाना, बिजुली लगायतका आवश्यक सामग्रीको अभाव छ। दक्षिण अफ्रिकाकादक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा हिजो सो क्षेत्रको अनुगमनमा गएका थिए ।

## उत्तर कोरियाद्वारा जापानको समुन्द्रतर्फ २ वटा क्षेप्यास्त्र प्रहार

उत्तर कोरियाले शनिबार जापानको सागरतर्फ करिब ११० किलोमिटर (६८ माइल) दुरीमा दुई वटा क्षेप्यास्त्र प्रक्षेपण गरेको दक्षिण कोरियाली संयुक्त चिफ अफ स्टाफ (जेसीएस) ले आइतबार जनाएको छ । उत्तर कोरियाको हामहुङ क्षेत्रबाट शनिबार स्थानीय समय अनुसार करिब १८:०० बजे (०९:०० जिएमटी) परीक्षण फायरिङ गरिएको थियो। दक्षिण कोरियाली सुरक्षा, सेना र खुफिया एजेन्सीहरूले उत्तर कोरियाको पछिल्लो परीक्षण प्रक्षेपणबारे छलफल गर्न आपतकालीन बैठक बोलाएका छन् ।

# कथा : सदाबहार दामे

**प्रकाश तिवारी**

रुँदारुँदै हाँस्न जान्ने । हाँस्दाहाँस्दै रुन सक्ने । कौडी लाभ हुने भए लात हान्नेलाई पनि साष्टाङ्ग दण्डवत् गर्ने । भित्रभित्र मुर्मुरिए पनि डिच्च दाँत देखाएर हाँस्ने । लाग्थ्यो दामे एउटा होनहार अभिनेता हो ।

बोलीपिच्छे हस् हस् भन्ने, हुन्न कहिल्यै नभन्ने । उमेर अनुसार सबैलाई बा-आमा, दाजु-भाइ, दिदी-बहिनी साइनो लगाउने । ठूलाबडा र शक्तिशालीलाई आइसियोस्, गइसियोस् लगाएर बोल्ने । एकैछिन गफियो भने जो-कोहीलाई पट्याइदिने । गजब आनीबानी वा स्वभावको थियो दामे ।

रूप चाहिं खासै परेको हैन । बेरूप भएर के भो, सुन्दरीहरू दामेसँग झुत्ती खेल्थे । त्यसो त दामेकी श्रीमती पनि नराम्री चाहिं होइन । श्रीमती पनि एउटी हैन, तीन-तीन वटी थिए उसका । दुइटी ल्याइते अर्की ब्याइते । ब्याइते घरमै थिई । ल्याइतेहरूलाई चाहिं भाडाको घरमा राखेको थियो । आखिर दामे न पऱ्यो ।

दामे हरेक नयाँ चिजको स्वाद चाख्नुपर्छ भन्ने गर्थ्यो । लाग्थ्यो, दामे त्यस्तो प्रयोगशाला हो जहाँ विविध उपभोग्य वस्तुको स्वाद परीक्षण गरिने गर्छ । धनको मामलामा मिनी विनोद चौधरी नै थियो दामे । तर त्यतिले चित्त बुझ्नेन उसको । यतिबेला ऊ ‘इलोन मस्क जस्तै धनवान हुन पाऊँ भनी भगवानसँग वरदान माग्न थालेको छ ।

रुँदारुँदै हाँस्न जान्ने । हाँस्दाहाँस्दै रुन सक्ने । कौडी लाभ हुने भए लात हान्नेलाई पनि साष्टाङ्ग दण्डवत् गर्ने । भित्रभित्र मुर्मुरिए पनि डिच्च दाँत देखाएर हाँस्ने । लाग्थ्यो दामे एउटा होनहार अभिनेता हो । अभिनय क्षेत्रमा लागेको हुन्थ्यो भने दामे विश्वकै नम्बर एक अभिनेता बनिसक्थ्यो ।

नेताकहाँ जाँदा खाली हात कहिल्यै जाँदैनथ्यो दामे । उसले चल्तीका सबै राजनैतिक दलको सदस्यता लिएको थियो । दामेका लागि दलको सदस्यता तुरुपको पत्ता समान थियो । तुरुपलाई जहाँ लगेर मिलाउँदा बाजी मार्न सकिन्छ त्यसै अनुकूल गर्थ्यो ऊ ।

व्यावसायिक संलग्नताको कुरा नगर्ने हो भने दामेको परिचय अपूरै रहन्थ्यो । दामेको आधा दर्जन बढी व्यवसायमा संलग्नता थियो । कतिपय व्यवसाय उसकै नाममा थिए त कतिपय छद्म नाममा सञ्चालित थिए । उसले एकसाथ कर्मचारी, ठेकेदार, उद्योगपति, अनेक-अनेक भूमिका निभाइरहेको थियो । परिआउँदा तस्करी पनि गर्दथ्यो दामे । कोही उसलाई छद्म भूमाफिया पनि भन्थे ।

दामेको रूप कुन सक्कली, कुन नक्कली ? भेउ पाउनु सबैको वशमा थिएन । मानौं ब्रह्मा उही । विष्णु उही । महेश्वर पनि उही । दसटाउके रावण हुन्थ्यो भने मात्र दामेको पूर्ण व्यक्तित्व उसको अनुहारमा प्रतिविम्बित हुन सक्थ्यो ।

त्यसो त मदिराको पारखी थियो दामे । तर ऊ जो पायो त्योसँग रक्सी खाँदैनथ्यो । कथंकदाचित खाइहाले मुख बिगारी-बिगारी पिउँथ्यो । एक पेगभन्दा बढी लिंदैनथ्यो ।

दामेको असंख्य नेतासँग नङ-मासुको जस्तै सम्बन्ध थियो । एक जना चिर-परिचित मित्र त शक्तिशाली मन्त्री नै थिए । शपथको दिन दामे एण्ड कम्पनीले मन्त्रीको गलामा पहिऱ्याइदिएको क्विन्टलको माला सोसल मिडियामा भाइरल नै भएको थियो । त्यस दिन मन्त्री मात्र हैन मन्त्राणी समेत फूलमालाले पुरिएकी थिइन् । मन्त्रीजी दलका अध्यक्षको दायाँ हात थिए ।

स्थानीय चुनाव मुखैमा थियो । शरीरमा टाइ-सुट, अनुहारमा मन्द मुस्कानसहित दामे करोडौंको गाडीमा सवार भई मन्त्रीजीको निवासभित्र छिऱ्यो । दामेको स्वागतार्थ मन्त्राणी म्याडम गाडी पार्किङ्गस्थलसम्मै पुगिन् । दामेले तिलस्मी मुस्कानका साथ मन्त्राणीलाई अभिवादन चढायो । मन्त्राणीले प्रसन्न अनुहारका साथ दामेको अगुवाइ गरिन् । मन्त्रीजी दामेको स्वागतार्थ तम्तयार भएर बसेका थिए ।

‘हेल्लो दामुजी ! मन्त्री निवासमा तपाईंलाई स्वागत छ ।’ बैठक कोठामा प्रवेश गर्नासाथ मन्त्रीजीले दामेसँग गरमजोशका साथ ह्याण्डशेक गरे ।

दामेले मन्त्रीजीलाई ब्लू लेबल रक्सीको कार्टुनमार्फत अभिवादन फर्कायो । मन्त्रीजी पूणिर्माका चन्द्रमा झैं जाज्वल्यमान देखिए । सामान्य शिष्टाचारपछि नेताजी र दामे गोप्य कोठामा छिरे । मदिरापान सुरु भयो । नेताजी पेगपेगमा शरदको आकाशझैं खुल्दै गए ।

‘अनि नेमलिस्ट खै त ?’ बोली भुईंमा खस्न नपाउँदै दामेले लिस्ट निकालेर नेताजीलाई दियो । नेताजीले लिष्टमा उल्लेखित नामहरू सरर्र पढे । नाम पढ्दा मन्त्रीजी कहिले मुस्कुराउँथे त कहिले थोरै गम्भीर भएजस्तो पनि देखिन्थे ।

‘सय जना रहेछन् । धेरै भएन र ?’ नेताजीले प्रारम्भिक प्रतिक्रिया दिए ।

‘धेरै कसरी हुनु हजुर । दुई सय थिए । सय जनाको नाम म आफैंले काट्कुट पारें ।’

‘यिनीहरूले कुन पद मागेका हुन् ? वडा अध्यक्ष त होला नि हैन ?’

‘ठट्टा नगरिसियोस् न मन्त्रीज्यू ! यीमध्ये दश जनालाई मेयर नदिई भा’छैन । कतिपयलाई त संघीय सरकारको मन्त्री दिंदा पनि पाप लाग्दैन । हेरिसियोस् न हजुर ! यो मान्छेले हजुरको उछित्तोकाढ्ने लेखकको ढन्डेसा भाँचेको थियो । विचरा लेखक एक महिना अस्पतालमै अर्मरियो । यो अर्को चाहिं त झन् बिर्सनै नहुने मान्छे । विरोधी पार्टीले गएको साल हजुर मरिबक्स्यो भनी हल्ला चलाउँदा धरहराबाट हामफालेको थियो यसले । धन्न बालुवाको थुप्रोमा पऱ्यो र बाँच्यो ! अनि यो चाहिं हजुरकोमा एक ब्रिफकेश सुन बुझाउन आउने मान्छे !’

‘यसलाई त चिन्छु ।’

‘त्यस्तै यो चाहिं मेरो जिग्रीदोस्त । या नि तस्करी पार्टनर । कर्णालीका बहुमूल्य जडीबुटी अबैध निकासीबाट आएको मध्ये हजुरको दललाई पचास करोड बुझाएको उसैको सहयोगमा हो ।’

‘बुझें बुझें’, नेताजीले मुन्टो हल्लाए ।

‘अब यसको बारेमा सुनिसियोस् । यो मोरङ्गको उद्योगपति । पोहोर साल यसलाई उद्योग खोल्ने लाइसेन्स दिंदा वातावरणविद् र पत्रकारले धुवाँदार विरोध गरेका थिए । ऊ त्यही उद्यागपति हो । मेयरको टिकट होस् मात्र, एक‘ बुझाउँछु भनेको छ ।’

‘एक भनेको ?’

‘म लाखको कुरो कहाँ गर्छु ! एड्भान्स एक करोड ।’

‘ओ आई सी ।’

‘यस्ता महारथीलाई मेयरभन्दा सानो पद दिंदा पाप लाग्दैन हजुर ?’ दामेले थप्यो ।

नेताजीको अनुहारमा बक्ररेखाहरू कोरिए । उनमा क्षणिक मौनता छायो । केहीबेरको मौनता तोड्दै नेताजी बोल्न थाले-

‘जो पनि ठूलो पदमा आँखा लाउँछन् । म टिकट वितरण समितिको संयोजक अवश्य हुँ । तर मभन्दामाथि अध्यक्षज्यू हुनुहुन्छ । अध्यक्षज्यूले मेरो विश्वास त गर्नुहुन्छ तर सबै कुरा मान्नुहुन्छ भन्ने के ग्यारेन्टी ? वडा अध्यक्षको पद पनि मामुली पद होइन । निजामती सेवामा हाकिम हुने कतिले करोडको बजेट चलाउन पाउँदैनन् । वडा अध्यक्ष त्यस्तो अघोषित जागिर हो जसले वर्षमा चार-पाँच करोड बजेट ह्याण्डल गर्न पाउँछ । सेटिङ्ग मिलाएर कमाउने त कुरै नगरौं ।’

‘अनि यता हेरिसियोस् मन्त्रीज्यू ।’ दामेले युवतीको फोटो निकालेर देखायो ।

नेताजीले युवतीको फोटोमा एकनजर लाएका के थिए, हड्डी हाँस्न थाल्यो ।

‘बहुत च्वाँक् छन् त । को हुन् यी ?’ सोधे नेताजीले ।

‘रूपकी रानी । पौराणिककालमा हुन्थिन् भने उर्वसी, रम्भा, तारा, तिलोत्तमा फिका हुन्थे ।’

‘ठीक भन्नुभो । साँच्चिकै अप्सरा ! सुन्दरी के चाहन्छिन् ?’ खित्खिताउँदै सोधे नेताजीले ।

‘यिनी पनि भएसम्म मेयर, नभए उपमेयर हुन चाहन्छिन् ।’

‘यिनको मनोनयन पत्रमा दस्तखत गरेवापत मिल्छ चाहिं के ?’ नेताजीले यक्ष प्रश्न सोधे ।

‘टिकटको व्यवस्था त होस् । बाँकी मेरो जिम्मा । यानि हजुर जे चाहिसिन्छ ‘.।’

‘उसोभए ओके डन । अध्यक्षसँग झगडा गर्नुपरे गरौंला ।’ नेताजीले दामेको हत्केलामा हत्केला ठोक्काए । हाँसोको फोहरा छुट्यो ।

‘लिस्टमा भएका सयमा सयले टिकट पाए भन्ने मान्नोस् । तर उनान्सय जनाको टिकट भोलि । सुन्दरीको टिकट चाहिं अहिले नै ।’ नेताजीले सुन्दरीलाई उपमेयर पदमा मनोनयन गरेको पत्रमा सहीछाप गरे । दामेले सुन्दरीलाई मधुशालाबाटै बधाई दियो । साथै नेताजी उपमेयर पदको टिकट हस्तान्तरण गर्न आउन लागेको जानकारी पनि गरायो ।

‘अबको केहीबेरमा नेताजी तिम्रोमा आउँदै हुनुहुन्छ । मैले भनेको थिएँ नि, एकहातले लिने अर्को हातले दिने । कुरा बुझ्यौ नि ?’ भन्यो दामेले ।

रातको बाह्र बजेको थियो । दामे र नेताजी सुरक्षाकर्मीलाई सुइँकोसम्म नदिई मन्त्री निवासबाट बाहिर निस्के । उनीहरू सरासर सुन्दरी बसेको फ्ल्याटमा पुगे । नेताजीले सुन्दरीका हातमा उपमेयर पदको मनोनयन पत्र थमाए । मन्त्रीजी र दामेबीच आँखै आँखामा संगीन संवाद भयो । दामे अभिवादन टक्र्याउँदै कोठाबाट बाहिरियो । सुन्दरीले झटपट ढोकाको चुक्कुल लगाइन् ।

सुन्दरी दामेकी ल्याइते श्रीमती तारा थिई ।

दामे र नेताजी हाम्रो समाजका कटु यथार्थ हुन् । समकालीन राष्ट्रिय जनजीवनका प्रतिनिधि पात्र हुन् । हाम्रो समाजमा अनगिन्ती दामेहरू छन् । जसलाई झरी-बादल, मेघ-वर्षातले छुँदैन ।

सत्तामा को आयो, को गयो, यसबाट दामे प्रवृत्तिमाथि कुनै तात्विक असर पर्दैन । दामेहरू छेपारो झैं रङ बदल्न खप्पीस हुन्छन् । राणा गए । पञ्चायत ढल्यो । गणतन्त्र आयो । तर दामे कहिल्यै ढलेन । ऊ सदाबहार थियो, छ र रहनेछ !

# फुटुङ्गको इतिहास, संस्कृति र विकासबारेको पुस्तक सार्वजनिक

काठमाडौं । काठमाडौंको उत्तरी भेगमा अवस्थित फुटुङ्ग क्षेत्रको इतिहास, संस्कृति र पछिल्ला चार दशकको विकासका विभिन्न पक्षलाई समेटेर तयार पारिएको पुस्तक सार्वजनिक गरिएको छ । झण्डै दुई दशकदेखि सामाजिक विकास र सञ्चार क्षेत्रमा क्रियाशील श्रीराम फुटुङ्गेले लेख्नुभएको फुटुङ्ग: इतिहास, संस्कृति र विकास नामक पुस्तक सार्वजनिक गरिएको हो ।

पुस्तक विमोचन गर्दै इतिहासकार एवम् लेखक प्रा. डा राजेश गौतमले यथेष्ठ विषय पस्केकाले फुटुङ्गको इतिहास र परिवर्तनका विभिन्न पक्षलाई सरल भाषामा चित्रण गरिएको बताउनुभयो । पुस्तक प्रकारको साँस्कृतिक लघु विश्वकोष झै लागेको गौतमको भनाइ थियो । समारोहमा विकास अर्थशास्त्री प्रा. डा केशवराज खड्काले पुस्तकले स्थानीय संस्कृति र विकासको पाटो सरल तवरमा प्रस्तुत गरेको बताउँदै विकास र संस्कृतिलाई परिपूरकको रुपमा लिएर अघि बढ्न प्रेरित गर्ने उल्लेख गर्नुभयो । उहाँले पुस्तक स्थानीय विशिष्ट गन्थ्रको रुपमा आएको र अन्य समुदायलाई पनि यस प्रकारको पुस्तक प्रकाशन गर्न उत्साहित गर्ने बताउनुभयो ।

विमोचन कार्यक्रममा बोल्दै साहित्यकार लब गाउँलेले लेखक फुटुङ्गेको अधिक मेहनतले यो पुस्तक प्र्रकाशन संभव भएको सुनाउनु भयो । उहाँले आफ्नो ठाउँलाई युवा उमेरदेखिनै चिनाउन विभिन्न प्रयास गरेको पनि गाउलेले उल्लेख गर्नु भयो । कार्यक्रममा मनमैंजु साँस्कृतिक समाजका साहित्य विभाग प्रमुख डा.घनश्याम पुडासैनीले पुस्तकको सफलताको कामना गर्दै लेखको सम्पादकीय सीप र गैरआख्यान लेखनबारे विशिष्ट ज्ञान भएको आफूले पाएको बताउनु भयो । उद्यमी एवं समाजसेवी हरिकृष्ण रावलले फुटुङ्गलाई चिनाउन यो पुस्तकले थप मदत गर्ने बताउँदै लेखकको प्रयासको सराहाना गर्नुभयो ।




संस्कृतिकर्मी भक्तीनारायण महर्जनले पुस्तकले नलेखिएका सास्कृतिक पक्षहरु पुस्तकमा आउनु विशेष रहेको बताउनु भयो ।

विमोचनका अवसरमा तारकेश्वर नगरपालिकाका प्रशासनिक प्रमुख शिव लम्सालले पुस्तकमा अत्यन्तै मेहनत परेको र आगामी दिनमा अन्य कृतिहरु प्रकाशनका लागि क्रियाशील हुन लेखकलाई सुझाउनु भयो ।

पुस्तकमा फुटुङ्गको इतिहास, संस्कृति र विकासका विविध पक्ष तथा बदलिएको जीवन र आगामी दिन गर्नुपर्ने बिषय समेटिएको लेखक फुटुङ्गेको भनाइ छ । उहाँका अनुसार, फुटुङ्गको पहिचानलाई चिनाउने र फुटुङ्गको बारेमा लिखित सामग्रीको अभावलाई पूर्ति गर्ने प्रयास स्वरुप लामो समयको प्रयासपछि पुस्तक तयार भएको हो ।

पुस्तकमा फुटुङ्ग गाउँको इतिहास, धार्मिक र साँस्कृतिक पक्ष तथा २०४० को दशकमा गाउँको सामाजिक परिवेश अनि क्रमश: शहरी इलाका बन्दै गएको घटनाक्रमको चित्रण गरिएको छ । त्यस्तै, जीविकोपार्जन र फुटुङ्गको आधुनिक विकास, त्यसमा स्थानीय तह र विभिन्न संघसंस्थाको योगदानलाई समेत पुस्तकमा व्याख्या गरिएको छ ।

पुस्तकको पहिलो खण्डमा उक्त गाउँको ऐतिहासिकता, वस्ती विकास तथा विभिन्न जातिको बसाइसराइपछि आगमनका विविध पक्षलाई उतारिएको छ । लिच्छविकालमा अस्तित्वमा आएको मानिएको फुटुङ्गमा जातिय विविधतासहितको बसोबास रहेको पुस्तकले चर्चा गरेको छ । फुटुङ्गको पहिलो रैथाने मानिएका नेवार समुदायको धार्मिक चाडपर्व, जात्रा, संस्कृति, भजनलाई समेत छुट्टै खण्डमा चर्चा गरिएको छ ।

काठमाडौं उपत्यकाका अन्य ग्रामीण भेग जस्तै फुटुङ्गमा पनि नेवारी समुदायले बर्षभरि मनाउने जात्राका रोचक र ऐतिहासिक पक्ष पुस्तकको एउटा विशेषता हो । त्यस्तै, उनीहरुको परम्परा र गुठीसम्वन्धी ऐतिहासिक वर्णन पुस्तकमा पढ्न पाइन्छ । फुटुङ्ग क्षेत्रमा नेवार समुदायको ६ वटा गुठी प्रचलनमा रहेको विवरण पुस्तकमा छन् । प्राचीनकालदेखिका मठमन्दिर एवम् धरोहर संरक्षणका लागि भएका पहलसम्वन्धी विवरण पुस्तकमा समेटिएको छ । पुस्तकअनुसार फुटुङ्गमा १८ वटा मठमन्दिर छन् ।

कुनै समय कृषि पेशामा अंगाल्ने यस क्षेत्रका बासिन्दाहरुको जीवनशैलीमा आएको परिवर्तन र परिवर्तित सन्दर्भमा पुस्तान्तरणले पारेको प्रभाव र असरलाई पुस्तकले महत्व दिएको छ । त्यस्तै, फुटुङ्गमा शिक्षा शीर्षकको खण्डमा फुटुङ्गमा भएको शैक्षिक विकास र औपचारिक शिक्षाको संघर्षपूर्ण छ दशकको रुपमा चित्रण गरिएको छ ।

त्यसैगरी स्वास्थ्य क्षेत्रमाभएका परिवर्तनसंगै भौतिक विकासमा भएका उपलव्धि तथा सामाजिक संघसंस्थाको भूमिकाबारे चर्चा गरिएको पुस्तकले सामाजिक र चेतना विकासमा महत्वपूर्ण पहल भएपनि निरन्तरताको अभाव भएको यथार्थलाई औंल्याएको छ । फेरिएको फुटुङ्ग शीर्षकको खण्डमा सडक,

बाँकी ६ पृष्ठमा

हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवराज सिंखडा
अध्यक्ष
राष्ट्रिय प्रजातन्त्र पार्टी
जिल्ला कार्य समिति काठमाडौं

हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



कुमार कार्की
अध्यक्ष
नेपाल राष्ट्रिय व्यवसायी महासंघ

हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मणिराज तामाङ
नेता
राष्ट्रिय प्रजातन्त्र पार्टी

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८


# यामाहा एमटी-१५ बीएस६को डेलिभरी छिट्टै

यामाहा नेपालले यामाहा एमटी-१५ बीएस६ मोटरसाइकल डेलिभरी तीव्र बनाउने तयरी गरेको छ। तर 'प्रतीक्षाको फल मिठो हुन्छ' भने जस्तै एमटी-१५ बीएस६ प्रि- रिजर्भेसन गरेर लामो समयसम्म प्रतीक्षामा रहेका ग्राहकका लागि यामाहा नेपालले खुसीको खबर ल्याएको बताएको छ।

एमटी-१५ बीएस६ उत्पादन कार्य अन्तिम चरणमा आइपुगिसकेको र अबको केही दिनमै एमटी-१५ बीएस६ का साथ नेपाली राइडरहरुले पनि नेपालका सडकमा सबैको ध्यान आकर्षित गर्ने नेपालका लागि यामाहाको आधिकारिक वितरक एमएडब्लु इन्टरप्राइजेजले बताएको छ।

सो नेकेड स्ट्रीट फाइटरमा भएका विभिन्न विशेषताका कारण अन्य मोटरसाइकल भन्दा फरक भएको र धेरै राइडरले यसको प्रतीक्षा गरिरहेको कम्पनीको भनाइ छ। एमटी-१५ बीएस६ को डेलिभरीका लागि व्यग्रतापूर्वक प्रतीक्षा गरिरहेको डार्क वारियरप्रति यामाहा नेपालले धन्यवाद समेत व्यक्त गरेको छ।

टर्क र छरितोपन, परिष्कृत कन्ट्रोल पोस्चर्स र सिंगल-च्यानल एबीएसका लागि परिचित, सबैभन्दा गतिशील लाइटवेटहरू मध्ये एक उक्त प्योर ग्रिड हाइपर नेकेड, एमटी स्टेबलबाट अतिरिक्त समय र कडा परिश्रमसहित विशेष सामग्रीहरूको प्रयोगपछि तयार गरिएको बाइक हो, एमटी-१५ बीएस६।

एमटीको उत्पादनमा लाग्ने सामग्रीहरू यामाहाले विशेष रूपमा छनौट र निर्माण गर्ने गरेको बताउछ। नेपालका लागि यामाहाको आधिकारिक वितरक एमएडब्लु इन्टरप्राइजेजले गत वर्ष अर्थात २०२१ सेप्टेम्बर २४ मा भृकुटीमण्डपमा सम्पन्न् यामाहा महा एक्सचेन्ज मेलामा लन्च गरेको थियो। सो समयमा उक्त बाइकका लागि देखिएको क्रेज विरलै देख्न पाइने दृश्य थियो। नेपाली बाइक इतिहासमा सायद एमटी-१५ बीएस६ को २ सय युनिट एकै पटक बिक्री र डेलिभर हुने पहिलो बाइक भएको कम्पनीको भनाइ छ। उक्त लन्चपश्चात एमटी-१५ बीएस६ का लागि माग निरन्तर बढ्दो रहेको छ।

सो १५५ सीसीको मोटरसाइकल उत्पादन गर्न केही कठिनाई भएकाले नेपाली बजारमा समेत यो मोटरसाइकल माग अनुसार उपलब्ध हुन सकेन। यामाहाले आफ्नो उत्पादनका लागि कुनै सम्झौता नगर्ने भएकाले अब्बल सामग्री प्रयोग गर्ने गर्छ। यही कुरालाई मनन गरी ग्राहकलाई समेत प्रतीक्षा गराए तापनि हाल यो मोडल निर्माण गर्न आवश्यक पर्ने प्रमुख इलेक्ट्रोनिक चिप्सको अभाव हटेको छ। इलेक्ट्रोनिक चिप्सको अभाव भारतीय बजारमा मात्र नभएर यो विश्वव्यापी परिदृश्य थियो। यामाहालाई ठूलो मात्रामा चिप्सहरू चाहिएको कारणले चिप्स उत्पादकहरू यति चाँडै यामाहाको माग पूरा गर्न सक्ने स्थितिमा थिएनन्।

तर यस्ता अवरोधहरू पार गर्दै अन्ततः यामाहाले एमटी-१५ बीएस६ को निर्माण कार्य लगभग सम्पन्न गरिसकेको छ। र अबको केही दिनमै नेपालभर रहेका यामाहाका वितरकहरूमा बाइक उपलब्ध हुने एमएडब्लु इन्टरप्राइजेजले बताएको छ।



हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।



ज्ञानेन्द्र बहादुर कार्की

मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को अवसरमा देश- विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।



रामवीर मानन्धर

पूर्वराज्यमन्त्री शहरी विकास तथा नेता (एमाले)

# नेपाली बजारमा आयो टीभीएस अपाचे आरटीआर १६० फोरभी बीएस६

काठमाडौं। नेपाली बजारमा टीभीएसको नयाँ बीएस६ इन्जिनयुक्त मोटरसाइकल अपाचे आरटीआर १६० फोरभी भित्रिएको छ। नेपालका लागि टीभीएसको आधिकारिक वितरक जगदम्बा मोटर्सले भृकुटीमण्डपमा आयोजना गरेको एक्सचेन्ज मेलामार्फत सो मोटरसाइकल सार्वजनिक गरेको हो।



पहिले नेपाली बजारमा बीएस४ इन्जिनयुक्त मोटरसाइकल रहेकोमा अब बीएस६ इन्जिनयुक्त अपाचे आरटीआर १६० फोरभी भित्रिएको हो। यसको मूल्य ३ लाख ७९ हजार ९ सय रुपैयाँ तोकिएको छ। यो भन्दा पहिले नेपाली बजारमा उपलब्ध बीएस४ इन्जिनयुक्त मोटरसाइकलको मूल्य भने ३ लाख ३९ हजार ९ सय रुपैयाँ सम्ममा उपलब्ध छ।

यो मोटरसाइकल एफआई इन्जिनयुक्त र सिंगल च्यानल एबीएस सहित उपलब्ध छ। त्यसैगरी यसलाई स्पोर्ट, अर्वान र रेन गरी तीन मोडमा चलाउन सकिन्छ। टीभीएसका अन्य मोडल जस्तै यसमा पनि स्मार्ट कनेक्ट फिचर उपलब्ध छ। यसको हेडलाइट पनि अन्य भन्दा फरक छ।

यो मोटरसाइकलमा १५९.७ सीसीको फोर स्ट्रोक, फोर भल्व इन्जिन रहेको छ, जसले स्पोर्ट मोडमा १७.५ पीएस पावर र १४.७ एनएम टर्क जेनेरेट गर्छ। यसमा भएको ५-स्पिड गियरबक्सले पावरफुल राइडिङ अनुभव प्रदान गर्छ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## वाग्मती प्रदेशमा दुई प्रकारका विद्युतीय ट्याक्सी चल्ने

काठमाडौं। अब वाग्मती प्रदेशमा दुई खाले विद्युतीय ट्याक्सी संचालनमा आउने भएका छन्। वाग्मती प्रदेश सरकारले विद्युतीय ट्याक्सीको मापदण्ड निर्धारण गर्दै यस्तो व्यवस्था गरेको हो। प्रदेश सरकारले 'सार्वजनिक यात्रुवाहक ट्याक्सी सेवाको गुणस्तर, संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८' जारी गर्दै साधरण र विशेष (डिलक्स) ट्याक्सीको मापदण्ड तोकेको छ। विद्युतीय सवारीसाधनको मापदण्डसँगै सरकारले २० वर्ष पुराना ट्याक्सीलाई नयाँमा रुपान्तरण गर्दा अनिवार्य विद्युतीय ट्याक्सी लिनु पर्ने व्यवस्था गरेको छ। साधारण ट्याक्सी र विशेष (डिलक्स) ट्याक्सीमा वर्गीकरण गरी दुई किसिममा विद्युतीय ट्याक्सी चलाउने गरी प्रदेश सरकारले मापदण्ड ल्याएको हो। नयाँ मापदण्ड अनुसार साधारण ट्याक्सी ५ सिट क्षमताको हुनु पर्ने छ भने विशेष ट्याक्सी ५ वा ७ सिट क्षमताको हुनसक्ने उल्लेख छ। सेडान कार नै हुनु पर्ने उल्लेख गरेको मापदण्डमा २०० लिटर माथिको बुट स्पेश, कम्तीमा ३० किलोवाट क्षमताको मोटर र २० किलोवाट आवरको लिथियम आयोन ब्याट्री हुनु पर्ने उल्लेख छ। साथै यस्ता ट्याक्सीको न्यूनतम रेन्ज २१० किलोमिटर हाराहारी हुनु पर्ने उल्लेख छ। यातायात व्यवस्था विभागले ल्याएको नयाँ ट्याक्सी मापदण्ड पन्छ्याएर बागमती प्रदेश सरकारले ट्याक्सीको नयाँ मापदण्ड ल्याएको हो।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस